## श्री संसदीय सुनुवाई समिति, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं समक्ष दायर गरिएको उजुरी

**विषयः नेपालको प्रधान न्यायाधीश पदमा नियुक्तिका लागि संवैधानिक परिषदद्वारा गैरकानूनी ढङ्गले सिफारिस गरिएका प्रस्तावित व्यक्ति श्री हरिकृष्ण कार्की उक्त पदका लागि निष्पक्ष, सक्षम, योग्य र उपयुक्त पात्र समेत नरहेको हुनाले निजको नाम संसदीय सुनुवाईबाट अनुमोदन नगरी अस्वीकृत गरिपाऊँ।**

काठमाडौं जिल्ला साविक सीतापाइला गा.वि.स. वडा नं १ परिवर्तित नागार्जुन नगरपालिका वडा नं ०४ घर भई हाल त्रिभुवन विश्वविद्यालयको कानून सङ्कायमा उप–प्राध्यापकका रुपमा कार्यरत वर्ष ३९ को अधिवक्ता अमृत खरेल (मोबाइल नं ९८५१०३२९५१), इमेल ठेगानाः amritkharel@gmail.com ............................१ **निवेदक/ उजुरीकर्ता**

<u>विरुद्ध</u>

ओखलढुङ्गा जिल्ला साबिक माम्खा....१ घर भई हाल का.जि.का.म.पा. वडा नं.३५ परिवर्तित वडा नं.३२ सुविधानगर बस्ने सर्वोच्च अदालतको न्यायाधीश पदमा कार्यरत रही हाल प्रधान न्यायाधीश पदको लागि प्रस्तावित व्यक्ति श्री हरिकृष्ण कार्की ....................................................................................१ **विपक्षी**

संवैधानिक परिषदबाट नेपालको प्रधान न्यायाधीशको पदमा नियुक्तिका लागि सिफारिस हुनुभएका श्री हरिकृष्ण कार्कीको संसदीय सुनुवाईका लागि मिति २०८०।०१।२७ गते त्यस समितिमा पत्र प्राप्त भएपश्चात् नेपालको संविधानको धारा २९२ बमोजिम प्रधान न्यायाधीशको पदमा नियुक्ति हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाई हुने संवैधानिक व्यवस्था बमोजिम संसदीय सुनुवाई पूर्व निजका सम्बन्धमा उजुरी आह्वान गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशित सूचनामा २०८०।०२।२६ गते भित्र उजुरी सूचना दिनका लागि तोकिएको म्याद भित्रै म निवेदक/उजुरीकर्ता संवैधानिक परिषदबाट भएको उक्त सिफारिस स्वयंमा गैरकानूनी हुनुका अतिरिक्त निज प्रस्तावित व्यक्ति नेपालको प्रधानन्यायाधीश पदमा नियुक्ति हुन निष्पक्ष, योग्य, सक्षम, स्वार्थको द्वन्द्वरहित स्वच्छ छविका उपयुक्त उम्मेदवार समेत नरहेको हुनाले नेपालको प्रधान न्यायाधीश पदका लागि निजको नाम सार्वभौम संसदीय सुनुवाइ समितिद्वारा पूर्ण रुपले अस्वीकृत गरियोस् भनी निजका विरुद्ध देहायका प्रकरणहरुमा सविस्तारमा जो भएको यथार्थ व्यहोरा उल्लेख गरी इमेलको माध्यमबाट निम्नलिखित उजुरी गर्दछुः-

१. म निवेदक अमृत खरेल वाणिज्य र अन्तर्राष्ट्रिय कानूनका क्षेत्रका अध्ययन, अनुसन्धान, प्राध्यापन र कानून व्यवसाय गरी क्रियाशील रहँदै आएको नेपाली नागरिक हुँ। मैले नेपाल कानून व्यवसायी परिषदबाट २०७० सालमा सञ्चालित कानून व्यवसायी अधिवक्ता तहको परीक्षामा उत्कृष्ट स्थानमध्ये छैठौं स्थान हासिल गरी अनवरत रुपमा कानून व्यवसाय गर्दै आएको छु। यस्तै त्रिभुवन विश्वविद्यालयबाट कानून स्नात्तकोत्तर तहमा सन् २०७२ ब्याचमा सर्वोत्कृष्ट अङ्क प्राप्त गरी प्रथम श्रेणीमा प्रथम स्थान हासिल गरी कानूनको अनुसन्धान तथा प्राध्यापन कार्यमा समेत निरन्तर संलग्न रहँदै आएको छु। नेपालको न्यायपालिकामा देखिएको विकृति, बेथिति र भ्रष्टाचार अन्त्य गरी न्यायालय शुद्धीकरणका लागि अभियानको सुरुवात गर्दै संस्थापक अभियानकर्ताका रुपमा समेत म क्रियाशील रहँदै आएको एक सचेत नागरिक हुनाले न्यायपालिकालाई सक्षम, स्वतन्त्र, निष्पक्ष र वास्तविक न्यायको धरोहरको रुपमा स्थापित गर्ने गरी कुशल नेतृत्व प्रदान गर्न सक्ने व्यक्ति उत्कृष्टताका आधार नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त हुने अवस्था सिर्जना हुनसकोस् र राजनीतिक दलीय कार्यकर्ता भर्ती केन्द्रका रुपमा दिनानुदिन विकृत र स्खलित हुँदै गइरहेको समग्र न्यायपालिकाको आमूल पूनर्संरचना गरी उत्कृष्टताका आधारमा न्यायाधीशहरु नियुक्त हुन सकून् भन्ने मेरो स्पष्ट मान्यता रहेको छ। प्रधान न्यायाधीश पदमा नियुक्तिका लागि हाल गैरकानूनी ढंगले कानूनी रिक्तताकै अवस्थामा सिफारिस गरिएका निज श्री हरिकृष्ण कार्कीको सम्बन्धमा निजलाई २०७३ सालमा सर्वोच्च अदालतको न्यायाधीशको रुपमा न्यायालयमा नियोजित रुपमा निज आबद्ध रहेको दल र सोको नेताहरुद्वारा गराइएको प्रतिष्ठापन वा न्यायालय प्रवेशको प्रारम्भ विन्दुदेखि नै संविधानको मर्म र भावना विपरीत संवैधानिक जालसाजी गरी राजनीतिक पृष्ठपोषण र सत्ताको चरम दुरुपयोगका आधारमा भएगरेका कामकारवाही तथा सर्वोच्च अदालतको न्यायाधीशको रुपमा कार्यरत रहँदा समेत निज श्री हरिकृष्ण कार्कीले स्पष्ट ढंगले स्वार्थ बाझिने गरी निजको दलीय आबद्धताका आधारमा दलीय मठाधीशहरुको बफादारिताका लागि गर्दै आएको कार्यसम्पादन समेतको आलोकमा हेर्दा निज कुनै पनि दृष्टिकोणबाट नेपालको न्यायालयको निष्पक्षता, स्वतन्त्रता, न्याय प्रतिको निष्ठा, न्यायपालिकाप्रतिको जनविश्वास कायम राख्नका लागि निष्पक्ष, तटस्थ, सक्षम, योग्य, स्वार्थको द्वन्द्वरहित स्वच्छ छविको व्यक्तिका रुपमा कार्य गर्ने हैसियत भएको व्यक्ति नरहेको हुनाले त्यस्तो व्यक्तिलाई नेपालको प्रधान न्यायधीश पदमा नियुक्त गर्ने हो भने न्यायालय उपर दलीय नियन्त्रण झनै संस्थागत हुन गई न्यायलयको थप दलीयकरण हुनुका साथै नेपालको समग्र न्यायप्रणाली नै भ्रष्टिकृत र विद्रुप अवस्थामा पुग्ने भएकाले सार्वभौम संघीय संसद अन्तर्गतको त्यस समितिले त्यस्तो अनर्थ हुनबाट रोक्न निजका सम्बन्धमा यसपछिका प्रकरणहरुमा उठाइएका गम्भीर आचारसंहिता विपरीतका कार्यहरुसंग सम्बन्धित प्रश्नहरु समेतका विषयमा निजसँग गहन संसदीय सुनुवाई गरी निजको नाम प्रधान न्यायधीश पदका लागि पूर्ण रुपले अस्वीकृत गरियोस् भनी समितिसमक्ष उजुरी सहित उपस्थित भएको छु।

## संवैधानिक परिषद्को गैरकानूनी सिफारिसको वैधता नरहेको सम्बन्धमा

२. प्रधान न्यायाधीशको नियुक्तिसम्बन्धी सिफारिस प्रक्रियामा संवैधानिक परिषदको संवैधानिक दायित्व सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखाको सूचना अधिकारीको दस्तखतद्वारा जारी गरिएको प.सं. २०७९।८० च.नं. सु.स.वै./५१२/४३६८ रहेको मिति २०७९/११/१७ को सूचना पत्राचारमा कानूनी रिक्तता हुन गई संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संसोधन) विधेयक, २०७९ प्रतिनिधिसभामा विचाराधीन भएकोले प्रधान न्यायाधीशको नियुक्ति प्रक्रिया अघि बढाउन नसकिएको स्पष्ट उल्लेख गरिएको छ। उक्त आधिकारिक पत्रमा "यस कार्यालयको मन्त्रीपरिषद् समिति तथा संवैधानिक निकाय शाखाबाट प्राप्त सूचना तथा जानकारीअनुसार संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ संशोधन गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको थियो।सो अध्यादेशले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को उपदफा (३) र (५) लाई संशोधन गर्नुका साथै उपदफा (६) र (७) लाई खारेज गरेकोमा अध्यादेशले संशोधन गरेको उक्त व्यवस्था हाल कायम नरहेको कारण कानूनी रिक्तता छ।उक्त कानूनी रिक्ततालाई पूरा गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ संशोधन गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ प्रतिनिधिसभामा दर्ता भई विचाराधीन रहेकोले प्रधान न्यायाधीशको नियुक्तिसम्बन्धी सिफारिस प्रकिया अगाडि बढाउन नसकिएको" भन्ने व्यहोरा उल्लेख गरिएको तथ्य यसै उजुरीसाथ संलग्न उक्त पत्रबाट प्रमाणित हुन्छ।

३. संविधानको धारा २८४ बमोजिम प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषदको बैठक बस्ने कार्यविधि, गणपूरक संख्या, निर्णय र सिफारिस गर्ने अधिकारको विषयमा कानूनी रिक्तता रहेको कारण मिति २०८०।०१।०६ मा बसेको संवैधानिक परिषदको बैठकमा प्रमुख प्रतिपक्षी दलको संसदीय दलका नेताले निर्णय गर्न नमानेपछि स्थगित भएको भनिएको संवैधानिक परिषद्को बैठक कानूनी रिक्तता उही अवस्था राजनीतिक दलहरुबीचको सहमतिको गैरसंवैधानिक आधार देखाई संवैधानिक परिषदको पुनः २०८०।०१।२५ गते अनौपचारिक र गैरकानूनी बैठक बसी हचुवाका आधारमा स्वेच्छाचारी ढंगले नेपालको प्रधान न्यायाधीश पदमा श्री हरिकृष्ण कार्कीको नाम सिफारिस गर्ने कार्य कानूनी रिक्तताकै स्थितिमा प्रधानमन्त्री तथा विपक्षी दलसमेतको मिलेमतोमा गरिएको संवैधानिक सर्वोच्चता र कानूनी शासनको सिद्धान्तको बर्खिलापको बलमिच्याइको कार्य भएकाले प्रधान न्यायाधीश पदमा गरिएको निज कार्कीको नाम सिफारिसको कुनै कानूनी वैधता नरहेको हुनाले उक्त अवैध सिफारिस प्रथमदृष्टिमै कानूनको दृष्टिमा स्वतः शून्य परिणामको null and void कार्य हुन गई खारेजभागी छ। संसदीय

सुनुवाइले मात्र उक्त संवैधानिक परिषदले कानूनी रिक्ततामा कपटपूर्ण तरिकाले गरिएको सिफारिससम्बन्धी निर्णयलाई कानूनी आधार प्रदान गर्न र वैध तुल्याउन सक्दैन।

४. नेपालको संविधानको धारा १ उपधारा (१) बमोजिम संविधान नेपालको मूल कानून हो भने ऐ. धाराको उपधारा (२) बमोजिम यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भन्ने सुनिश्चित गरिएको छ। अतः संवैधानिक परिषद्ले पनि संविधान र कानूनको पालना गर्नु कानूनी शासनको सिद्धान्त अन्तर्गत परिषद्को संवैधानिक दायित्व र कर्तव्य हो। संविधानवाद र कानूनी शासनको सारवान सिद्धान्त एवं संवैधानिक मूल्य मान्यता बमोजिम संवैधानिक परिषद्ले बैठक बसेर कुनै पनि काम कारवाही गर्दा कानूनसंगत (lawfulness), कानूनको दृष्टिमा समानता (Equality before law), संवैधानिक एवं विधायनको उद्देश्यको अनुपालन (Confirmity to constitutional and statutory aim), वस्तुनिष्ठता तथा तटस्थता (Objectivity and Impartiality) जस्ता कानूनी शासनका अवयवहरुको पूर्ण पालना गर्नु अपेक्षित हुन्छ। राज्यको निकायको कुनै पनि निर्णय वा कामकारवाही कानूनसंगत (lawfulness) हुनका लागि विद्यमान कानूनको उल्लंघन नगर्नु मात्र पर्याप्त हुँदैन । राज्यको निकायले कामकारवाही वा निर्णय गर्न विधायिकीबाट पर्याप्त अधिकारको स्पष्टता र निश्चिततासहित वैधानिक रुपमा लागू भएको कानूनको विद्यमानताको आधारमा तिनको पूर्ण परिपालना गरेर निर्णय भएकोमा मात्र उक्त निर्णय कामकारवाहीको वैधता रहन्छ। कुनै विषयमा निर्णय वा काम गर्न अधिकार दिने गरी पर्याप्त कानूनी व्यवस्था नभई कानूनी रिक्तता रहेको स्थिति सम्म उक्त विषयमा निर्णय नगरी धैर्यता वा संयमता अपनाउनु कानूनी शासनका लागि वाञ्छनीय रहन्छ। अतः कानूनी रिक्तताको स्थितिमा बैठक बस्ने र प्रधान न्यायाधीश पदका लागि कुनै पनि व्यक्तिको नाम सिफारिस गर्ने गरी कुनै पनि कानूनी अधिकार नै नरहेको स्थितिमा प्रधानमन्त्री तथा विपक्षी दलका नेता समेतको मिलेमतोमा अनौपचारिक र गैरकानूनी बैठक बसेर मनोगत र हचुवाका भरमा प्रधान न्यायाधीश पदमा गरिएको अवैध गैरकानूनी सिफारिस भएको हुनाले निज हरिकृष्ण कार्कीको उक्त सिफारिस संसदीय सुनुवाई समितिबाट पूर्ण रुपले अस्वीकृत गरी विधिको शासनको सुनिश्चितता गरियोस् भनी सादर निवेदन गर्दछु।

<u>न्यायपालिकालाई दलीय राजनीतिक नियन्त्रणमा राख्न मतियार भई काम गरेको व्यक्ति प्रधानन्यायधीश पदका लागि अयोग्य हुने सम्बन्धमा</u>

५. तत्कालीन प्रधान न्यायाधीश कल्याण श्रेष्ठले अध्यक्षता गरेको न्याय परिषद्को २०७२ फाल्गुन १८ मध्यरातको बैठकले सर्वोच्च अदालतमा अवैधानिक तवरमा ११ जना न्यायाधीश सिफारिश गर्दा कानून व्यवसायीबाट सिफारिश हुनुभएका श्री हरिकृष्ण कार्की एक स्वतन्त्र कानून व्यवसायी नभई तत्कालीन नेकपा एमाले दलका संगठित कार्यकर्ता, तत्कालीन प्रधानमन्त्रीले नियुक्त गरी महान्यायाधिवक्ता पदमा बहाल रहेका व्यक्ति तथा सर्वोच्च अदालतमा आफ्नो दलका प्रतिबद्ध व्यक्तिलाई

दलीय न्यायाधीशका रुपमा छिराएर न्यायालय उपर राजनीतिक कब्जा र नियन्त्रण गर्ने नियोजित उद्देश्यले उहाँलाई सर्वोच्चको न्यायाधीश पदमा सिफारिस गर्ने प्रमुख सिफारिसकर्ता तत्कालीन कानूनमन्त्री रहेका अग्निप्रसाद खरेलको उहाँ ल फर्मका साझेदार आर्थिक एवं वित्तीय स्वार्थ गाँसिएका व्यक्ति समेत हुनुहुन्थ्यो। २०६५ फागुन ५ देखि १४ सम्म बुटवलमा आयोजित नेकपा (एमाले) को आठौं राष्ट्रिय महाधिवेशनमा अमृतकुमार बोहराको अध्यक्षतामा सहाना प्रधान, भरतमोहन अधिकारी, मोदनाथ प्रश्रित, अशोक राई, विद्यादेवी भण्डारी, रामचन्द्र झा, पृथ्वीसुब्बा गुरुङ, महेश चौधरी, रामप्रित पासवान र मोहनसिंह राठौर सदस्य रहेको ११ सदस्यीय अध्यक्ष मण्डल गठन गरिएकोमा उक्त अध्यक्ष मण्डल अन्तर्गत नै १७ सदस्यीय निर्वाचन कमिटी बनाइएको थियो जसको संयोजक गोविन्द ज्ञवाली र सचिव हरिकृष्ण कार्की (हाल सर्वोच्च अदालतका न्यायाधीश) रहेको देखिन्छ ।[1] यसका अतिरिक्त पनि निज हरिकृष्ण कार्कीले उक्त दलको संगठित कार्यकर्ताका रुपमा अन्य विभिन्न भूमिकामा काम गर्नुका साथै दलकै भातृ संगठनको टिकटबाट नेपाल बार एशोसियसनको अध्यक्ष पदका लागि निजले २०६६-२०६९ को कार्यकालको लागि चुनाव लड्दा पराजित भएकोमा पूनः २०६९-२०७२ को कार्यकालका लागि पनि दोहोर्याएर नेकपा एमालेकै टिकटबाट नेपाल बार एशोसियसनमा चुनाव लडी बामपन्थी गठबन्धन बनाएर बारको अध्यक्ष पदमा निर्वाचित भएतापनि नेपाल बार एशोसियनको नेतृत्वकर्ताको रुपमा बार अध्यक्ष भइसकेपछि उहाँबाट न्यायालयलाई निष्पक्ष र सक्षम तुल्याउनका लागि न्यायपरिषद्मा अब्बल, उत्कृष्ट विधिशास्त्री उपयुक्त पात्र मनोनयन गरी पठाउने तथा न्यायालयको बेथितिको विरुद्ध सदैव सशक्त रुपमा खबरदारी गर्ने भूमिका अपेक्षित रहेको थियो। तर उहाँले नेपाल बार एशोसियसन अध्यक्ष रहँदा आफू स्वयंलाई के कसरी सर्वोच्च अदालतको न्यायाधीश बनाउने र सोको तारतम्य मिलाउनका लागि के कसरी राजनीतिक दलीय साँठगाँठ मिलाउने भन्ने मात्र ध्याउन्न राखी उक्त नेपाल बार एशोसियनको अध्यक्ष पदको कार्यकाल र अध्यक्षको निर्वाचन लड्दा तमाम् कानून व्यवसायीहरु समक्ष गर्नुभएको चुनावी प्रतिबद्धतालाई समेत तिलाञ्जली दिई उक्त निर्वाचित अध्यक्ष पदबाट बीचैमा राजिनामा दिई २०७२ सालमा नयाँ संविधान जारी भई नयाँ मन्त्रीमण्डल बन्ने बित्तिकै नेकपा एमालेका प्रधानमन्त्रीको तर्फबाट राजनीतिक नियुक्ति लिई मिति २०७२।०६।२८[2] गते नै महान्यायाधिवक्ता पदमा बहाल हुन गएको देखिन्छ। निज हरिकृष्ण कार्कीले उक्त महान्यायाधिवक्ता पद पनि २०७२ फागुन १८ सम्म अर्थात् मात्र चार महिना बीस दिनमात्र ओगटेर उक्त महान्यायाधिवक्ता पदमा बहाल रहेकै अवस्थामा उक्त पदबाट राजीनामा समेत नदिई आफूलाई सर्वोच्च अदालतको न्यायधीश पदमा निज हरिकृष्ण कार्की आबद्ध दलका कानूनमन्त्री एवं निजका ल फर्मका साझेदार अग्निप्रसाद खरेल मार्फत् मिति २०७२।११।१८ को न्यायपरिषद् बैठकबाट नाम सिफारिस गर्न लगाई सर्वोच्च अदालतमा न्यायाधीशका रुपमा प्रवेश गरेको देखिन्छ।

[1] https://hamrakura.com/news-details/112007/2021-11-23
[2] https://ag.gov.np/formerAG

६. प्रकरण नं ४ मा वर्णित सम्पूर्ण तथ्य र घटनाक्रमको आलोकमा हेर्दा २०७२ सालमा नयाँ संविधान जारी गर्ने क्रममा नै संविधानमा रहेका न्यायपालिका र न्यायपरिषद्सम्बन्धी धारा १५३ को व्यवस्थामा दलीय राजनीतिक स्वार्थका आधारमा राजनीतिक कार्यकर्ताहरुलाई न्यायालयमा नियुक्ति गर्न न्यायपरिषद्को बहुमत तीन जना सदस्यहरु राजनीतिक दलका प्रतिनिधि (कानूनमन्त्री, प्रधानमन्त्रीको सिफारिशमा नियुक्त हुने कानूनविद् र नेपाल बार एशोसियसनको सिफारिसमा नियुक्त हुने वरिष्ठ अधिवक्ता वा अधिवक्ता) रहने गरी छिद्रहरु कायम राख्न लगाई नयाँ संविधान जारी हुने बित्तिकै उक्त संवैधानिक व्यवस्थाका छिद्रहरु पहिल्याई कलुषित ढङ्गले संविधान र न्यायपरिषद्को व्यवस्थाको दुरुपयोग गरेर सर्वोच्च अदालतमा सक्षम, उत्कृष्ट एवं कुनै पनि खालको दलीय वा अन्य आबद्धतारहित ढङ्गले कानूनप्रतिमात्र निष्ठावान रही कानून व्यवसाय वा न्याय सेवामा काम गरेका योग्यतम व्यक्तिहरुलाई सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त हुनबाट वञ्चित गरी योग्य व्यक्तिहरुलाई किनारा लगाई राजनीतिक सत्ताको दुरुपयोग गरेर संविधानको मर्म र भावना विपरीत न्यायपालिकालाई दलीय नियन्त्रण गर्ने अभिप्रायले अमूक राजनीतिक दलको तर्फबाट संवैधानिक जालसाजी गरेर आफू सहितको दलीय कार्यकर्ता न्यायधीशहरु नियुक्त गर्ने योजनामा निज हरिकृष्ण कार्कीको पनि मतियारको भूमिका रहेको प्रमाणित हुन्छ। यसरी हाल प्रधान न्यायाधीश पदका लागि प्रस्तावित हरिकृष्ण कार्की राजनीतिक दलको कार्यकर्ता बनेर नेपाल बार एशोसियसनको अध्यक्ष पद तथा महान्यायाधिवक्ताको संवैधानिक पदलाई एक पछि अर्को बिसौनी तुल्याएर निजको बफादारिता रहेको पार्टीगत राजनीतिक एवं व्यक्तिगत महत्वाकांक्षा तुष्टिका लागि राज्यका संस्थाहरुलाई क्षणिक उपयोग गर्दै सर्वोच्च अदालतमा जस्केलाबाट नियुक्ति लिएर छिरेका व्यक्ति हुनुहुन्छ।न्यायाधीशका रुपमा सर्वोच्च अदालतमा कार्यरत रहँदा पनि उहाँले पटक पटक स्वार्थ बाझिने प्रकृतिका मुद्दाहरुमा सुनुवाइमा सरिक हुनुभएको देखिन्छ। उदाहरणका लागि निज हरिकृष्ण कार्कीलाई अघिल्लो प्रधानमन्त्रीत्वकालमा महान्यायाधिवक्तामा नियुक्त गर्ने खड्ग प्रसाद शर्मा ओली नै प्रधानमन्त्री रही निजले प्रतिनिधिसभा विघटन गरेको विषयमा परेको मुद्दामा पनि निज हरिकृष्ण कार्कीले १० पुष २०७७ मा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले उहाँसहित गठन गरेको संवैधानिक इजलासमा बसी उक्त मुद्दाको सुनुवाइ गर्न भरमग्दुर प्रयत्न गरेपछि उक्त मुद्दामा सरिक कानून व्यवसायीहरुले विरोध सहित प्रश्न उठाएका थिए। सोही विषयमा पूनः २२ पुष २०७७ मा पनि कानून व्यवसायीहरुले निज हरिकृष्ण कार्कीले उक्त खड्ग प्रसाद ओलीले संसद विघटन गरेको मुद्दामा ओलीको तर्फबाट निज हरिकृष्ण कार्कीकै ल फर्म साझेदार रहेका र उहाँलाई सर्वोच्चमा न्यायाधीश सिफारिस गर्ने अग्नि प्रसाद खरेल पनि उक्त मुद्दामा सरिक रहेको भनी चर्को विरोध गरेपछि मात्रै निज हरिकृष्ण कार्कीले करबलले उक्त मुद्दा नहेर्ने गरी संवैधानिक इजलासमा नबस्ने भनी जानकारी गराएको देखिन्छ।[3] यसरी आफूलाई नियुक्ति दिलाउने अमूक राजनीतिक दलका स्वार्थ जोडिएका मुद्दाहरुमा प्रत्यक्ष चासो राखी स्वार्थ बाझिएको कुनै परवाह नगरी उहाँले सर्वोच्च

[3] www.himalkhabar.com/news/121856

अदालतलाई दलीय नियन्त्रणमा राख्न सहयोग पुर्याउने अभिप्रायबाट काम गर्दै आएको हुनाले उहाँ प्रधान न्यायाधीशमा नियुक्त हुने हो भने नेपालको न्यायपालिकामा राजनीतिक दलीय नियन्त्रणको अभ्यास संस्थागत हुन पुग्ने खतरा विद्यमान छ। अतः उहाँ संवैधानिक सिद्धान्त र संविधानवादको मूल्य मान्यता, न्यायपालिकाको स्वतन्त्रता एवं निष्पक्षताको लागि कायम रहेका स्थापित विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरु[4] समेतका दृष्टिले नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त हुनका लागि किमार्थ योग्य, निष्पक्ष र सक्षम व्यक्ति नभएको हुनाले उहाँको उक्त पदका लागि गरिएको सिफारिश अस्वीकृत गरी पाऊँ।

**सर्वोच्चमा न्यायाधीश हुनका लागि महान्यायाधिवक्ताको संवैधानिक पद र नेपाल बार एशोसियशनको अध्यक्ष पदको दुरुपयोगकर्तालाई प्रधान न्यायाधीशमा नियुक्त गर्न नहुने सम्बन्धमा**

७. नेपालको संविधानले धारा १५७ बमोजिमको महान्यायाधिवक्ता र धारा १२९ बमोजिम नियुक्त हुने सर्वोच्च अदालतको न्यायाधीश पदलाई न्यायप्रणाली अन्तर्गतका दुई पृथक-पृथक मौलिक विशिष्टतासहितको स्वायत्त संवैधानिक पदका रुपमा स्थापित गरेको पाइन्छ। धारा १५८(१) बमोजिम नेपाल सरकारको मुख्य कानूनी सल्लाहाकार भई काम गर्नुपर्ने महान्यायाधिवक्ता पदका लागि धारा १५७(३) बमोजिम सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था गरिएको छ। यसको अर्थ आ-आफ्नो कार्यप्रकृति र क्षेत्राधिकार फरक फरक भएतापनि महान्यायाधिवक्ता र सर्वोच्च अदालतको न्यायाधीशको संवैधानिक हैसियत समान नै रहेको देखिन्छ। सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्तिलाई त्यही सरहको मर्यादा र सेवा सुविधासहित महान्यायधिवक्ता नियुक्त गरिन्छ। यस्तै महान्यायाधिवक्तामा धारा

---

[4] UN Basic Principles on the Independence of the Judiciary, 1985, available at http://www.icj.org/wp-content/uploads/2014/03/UN-Basic-principles-independence-judiciary-1985-eng.pdf

Recommendation on the Independence of Judges, 1994, The Council of Europe, available at https://www.icj.org/wp-content/uploads/2014/06/CMRec201012E.pdf

The Beijing Statement of Principles of the Independence of the Judiciary in the LAWASIA Region (the Beijing Principles), 1995, available at https://www.icj.org/wp-content/uploads/2014/10/Beijing-Statement.pdf

The Universal Charter of the Judges, 1999, International Association of Judges (IAJ), available at https://www.icj.org/wp-content/uploads/2014/03/IAJ-Universal-Charter-of-the-Judge-instruments-1989-eng.pdf

International Principles on the Independence and Accountability of Judges, Lawyers and Prosecutors, International Commission of Jurists (ICJ), available at https://icj2.wpenginepowered.com/wp-content/uploads/2012/04/International-Principles-on-the-Independence-and-Accountability-of-Judges-Lawyers-and-Procecutors-No.1-Practitioners-Guide-2009-Eng.pdf

Council of Europe Standards on Judicial Independence, 1994, EU available at *https://www.venice.coe.int/webforms/documents/default.aspx?pdffile=CDL-JD(2008)002-e#:~:text=%E2%80%9CThe%20authority%20taking%20the%20decision,decides%20on%20its%20procedural%20rules*.

Singhvi Declaration, 1994, Universal Declaration on the Independence of Justice, available at *https://www.icj.org/wp-content/uploads/2014/03/SR-Independence-of-Judges-and-Lawyers-Draft-universal-declaration-independence-justice-Singhvi-Declaration-instruments-1989-eng.pdf*

The Bangalore Principles of Judicial Conduct 2002, available at *https://www.unodc.org/pdf/crime/corruption/judicial_group/Bangalore_principles.pdf*

१५८(६) को देहाय (क) बमोजिम नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने संवैधानिक जिम्मेवारी रहने हुनाले एकपटक महान्यायाधिवक्ता भइसकेको व्यक्तिले निज महान्यायाधिवक्ता पदमा बहाल रहेको अवधिसम्ममा नेपाल सरकार वादी वा प्रतिवादी कायम भई विभिन्न अदालतमा दायर भई विचाराधीन रहेका सम्पूर्ण मुद्दाहरुमा नेपाल सरकारको पक्षबाट सरकारी वकिलको नेतृत्व गरी ती मुद्दाहरुको प्रमुख कानूनी सल्लाहाकारको भूमिका निर्वाह गरिसकेको हुने भएकाले सोही महान्यायाधिवक्ता भइसकेको व्यक्ति फेरि कुनै तरिकाबाट सउर्वोच्च अदालतमा प्रवेश गरी तिनै नेपाल सरकार वादी वा प्रतिवादी कायम भई विभिन्न तहका अदालतहरुमा विचाराधीन मुद्दाहरु सर्वोच्च अदालतमा पुग्दा तिनै मुद्दाहरुको सुनुवाइ गर्दा आफैंले कुनै समयमा कानूनी सल्लाहाकार भई हेरिसकेको मुद्दा आफैं न्यायाधीश भई हेर्ने अवस्था सिर्जना हुने भएकाले महान्यायाधिवक्ता भइसकेको व्यक्ति नेपालको संविधान बमोजिम सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुन स्वतन्त्र न्यायापालिकाको सिद्धान्त बमोजिम किमार्थ मिल्दैन। नेपालको महान्यायाधिवक्ता र सर्वोच्च अदालतको न्यायाधीश यी दुवै पदमा पालैपालो एउटै व्यक्ति विभिन्न तरिकाबाट नियुक्त हुनसक्ने भन्ने नेपालको संविधानले कतै परिकल्पना गरेको नै छैन। संविधान सभाबाट संविधान निर्माण गर्दा पनि एउटै व्यक्ति महान्यायधिवक्ता हुने अनि फेरि सर्वोच्च अदालतको न्यायाधीश हुने गरी नियुक्त गर्ने भन्ने संविधान मस्यौदाकारहरुको पनि कुनै प्रकारको मनसाय रहेको देखिँदैन। अतः धारा १५७ बमोजिमको महान्यायाधिवक्ता पद र धारा १२९ बमोजिमको सर्वोच्च अदालतको न्यायाधीश वा प्रधान न्यायाधीश पद कुनै पनि एउटै व्यक्तिको निमित्त Mutual exclusive पदका रुपमा रहेको स्पष्ट हुन्छ। त्यसैले निज हरिकृष्ण कार्कीको हकमा महान्यायाधिवक्ता भइसकेको व्यक्ति उक्त पदमा बहाल रहँदा रहँदै हठात् रुपमा सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुने गरी निजलाई न्यायपरिषद्बाट मिति २०७२ फाल्गुन १८ गते सिफारिस गरी नियुक्त गर्ने कार्य नै प्रत्यक्ष रुपमा स्वार्थ बाझिने र न्यायाधीश आचारसंहिता २०७४ समेतको विपरीतको कार्य हुन गएको अवस्थामा अब निज हरिकृष्ण कार्कीलाई नै फेरि सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त गर्न मिल्दैन।

८. एक पटक सर्वोच्च अदालतको न्यायाधीश सरहको संवैधानिक पदमा महान्यायाधिवक्ता भई काम गरिसकेको व्यक्ति पूनः उही हैसियतको सर्वोच्च अदालतको न्यायाधीश हुँदा प्रत्यक्ष ढंगले स्वार्थ बाझिने हुनाले महान्यायाधिवक्ता भएको व्यक्ति सर्वोच्च अदालतको न्यायायधीश हुँदा स्वतः confilict of interest र निज महान्यायाधिवक्तामा बहाल रहेको बेलासम्मका सम्पूर्ण नेपाल सरकार पक्ष भएका मुद्दाहरुमा निजले कानूनी सल्लाहाकारको संवैधानिक हैसियत ग्रहण गरीसकेको हुनाले ती मुद्दा हेर्न असहजता हुने भएकाले स्वतः न्यायाधीश पदका लागि disqualify हुन जाने भएकाले नै महान्यायाधिवक्ता हुने व्यक्तिलाई सर्वोच्च अदालतमा न्यायाधीश पदमा नियुक्ति गर्न मिल्दैन। यसरी एउटै व्यक्ति महान्यायाधिवक्ता भएर फेरि सर्वोच्च अदालतमा न्यायाधीशका रुपमा नियुक्त हुने कुरा संविधानले सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति सम्बन्धी योग्यता उल्लेखित धारा १२९(५) मा परिकल्पना

पनि गरेको छैन। यदि महान्यायाधिवक्ता भएको व्यक्ति पनि सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त हुन मिल्ने भए धारा १२९(५) मा सर्वोच्च अदालतको न्यायाधीश हुनका लागि चाहिने योग्यतामा अन्य कुरा अतिरिक्त महान्यायाधिवक्ता भइसकेको व्यक्ति भन्ने पनि योग्यताका रुपमा राखिएको हुनुपर्ने थियो।तर उक्त धारा १२९(५) मा "कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानूनविद्को रुपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायधीश पदमा नियुक्तिका लागि योग्य मानिनेछ।" भन्ने व्यवस्था रहेको छ। उक्त योग्यतासम्बन्धी व्यवस्था हेर्दा त्यहाँ महान्यायाधिवक्ता भएको व्यक्ति भन्ने कुनै व्यवस्था नहुनाले पनि महान्यायाधिवक्तालाई सर्वोच्च अदातलको न्यायाधीश पदमा नियुक्त गरिने संवैधानिक परिकल्पना विपरीतको संवैधानिक जालसाजद्वारा निज हरिकृष्ण कार्कीलाई सर्वोच्च अदालतमा प्रवेश गराइएको तथ्य स्थापित हुन्छ। अतः यसरी २०७२ असोज २८ गते प्रधानमन्त्री खड्ग प्रसाद ओलीले आफ्नो पार्टीको कार्यकर्ता कानून व्यवसायी भएको नाताले महान्यायधिवक्तामा नियुक्त गरिएका हरिकृष्ण कार्कीलाई सर्वोच्च अदालतको प्रधान न्यायाधीशको रोलक्रममा पर्ने गरी जोडघटाउ गरेर सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्ने गरी यस अघि न्यायपरिषद्बाट २०७२ फागुन १८ गते भएको सिफारिसको कार्य नै संवैधानिक जालसाजी constitutional fraud भएको हुनाले यसरी सर्वोच्चमा संविधानका व्यवस्थाहरुलाई कुल्चेर प्रवेश गराइएको व्यक्तिलाई नै प्रधान न्यायाधीशमा नियुक्त गर्ने हो भने निजबाट संविधानको अन्तिम व्याख्याता र संरक्षकको भूमिकामा रहनुपर्ने सर्वोच्च अदालतको निष्पक्ष र सक्षम नेतृत्व (fair and competent leadership) हुन सक्दैन। नेपाल बार एशोसियशनको अध्यक्ष जसले संविधानको धारा १५३(१) देहाय (ङ) बमोजिम न्यायाधीश नियुक्तिका लागि न्यायापरिषद्मा बीस वर्षको कानूनी अनुभव प्राप्त निष्कलंक र निष्पक्ष योग्य विधिशास्त्री चयन गरेर योगदान गर्नुपर्ने संवैधानिक कर्तव्य दायित्व रहेकोमा स्वयं आफैलाई सर्वोच्च अदालत प्रवेशको तारतम्य मिलाउनका लागि उक्त बार एशोसियनको अध्यक्ष पदलाई नै दुरुपयोग गर्ने खालको गतिविधि गरी निज हरिकृष्ण कार्कीले बारका एशोसियशनका पदाधिकारी नै आफू न्यायाधीश बन्ने खेलमा कसरी लाग्न सकिन्छ भन्ने गलत र लोभलालचयुक्त प्रवृत्तितिर कानून व्यवसायीहरुलाई समेत प्रवृत्त गराउने गरी दुरुत्साहन दिने कार्य गर्नुभएको छ। साथै नेपाल राज्यको महान्यायाधिवक्ता पदलाई पनि उहाँले न्यायाधीश बन्नका लागि उपयोग गर्ने विश्रामस्थल पदका रुपमा उक्त पदमा फगत चार महिना बीस दिन पदयात्री सरह परिभ्रमण गर्ने पदका रुपमा चित्रित गरेर न्यायाप्रणालीमै बेथितिलाई बढावा दिनुभएको हुनाले यस्तो व्यक्ति प्रधानन्यायधीश बन्न बिल्कुलै अनुपयुक्त हुँदा उहाँको नाम संसदीय सुनुवाइ समितिबाट पूर्ण रुपले अस्वीकृत गरियोस्।

९. सर्वोच्च अदालतमा न्यायाधीश पदमा नियुक्ति प्राप्तिका लागि निज हरिकृष्ण कार्कीले राजनीतिक दलसँग नापी तौली गर्नुभएको साँठगाँठ, दलीय टिकटमा नेपाल बार एशोसियसनको अध्यक्ष भई उक्त संस्थाको संस्थागत साख र विश्वसनीयतामाथि समेत प्रहार गर्दै बीचमै निर्वाचित अध्यक्षको पदलाई लत्याई महान्यायाधिवक्ता पदमा राजनीतिक नियुक्ति लिई उक्त राजनीतिक नियुक्तिको संवैधानिक पदमा बहाल रहँदा रहँदै उक्त पदबाट राजीनामा समेत नदिई सर्वोच्च अदालतमा सिफारिस नभएको खण्डमा सोही पदमा निरन्तरता दिने योजनामा दोहोरो च्याँखे थापी अन्ततः राजनीतिक सत्तास्वार्थको बार्गेनिङबाट आफ्नै ल फर्मका साझेदारलाई प्रयोग गरी न्यायपरिषद् बैठकबाट सर्वोच्च अदालतको न्यायाधीश पदमा सिफारिस गराई अप्राकृतिक र नाटकीय ढंगले भ्यागुते उफ्राइ (leapfrogging) गर्दै सर्वोच्च अदालतमा न्यायाधीशका रुपमा प्रवेश गरी स्वार्थ बाझिने सबै खालका मुद्दा मामिलामा संलग्न भई आफूलाई सिफारिस गर्ने अमूक दलको निर्देशनमा निर्देशित न्यायालय (Guided Judiciary) कायम गर्न काम गरी सर्वोच्च अदालतमा न्यायाधीश हुनका लागि उहाँभन्दा योग्य रहेका तमाम सक्षम र उत्कृष्टताका आधारमा काम गर्ने मानिसहरुलाई हुर्मत लिई तेजोवध गर्नमा र प्रणालीगत भ्रष्टीकरण गर्नमा उहाँको नियोजित भूमिका रहेको देखिन्छ। यस्तो नाटकीय ढंगले दलीय आबद्ता र आशीर्वादका आधारमा अप्राकृतिक छलाङ मार्ने प्रवृत्तिले उहाँको calculative mind लाई उजागर गर्नुका साथै उहाँमा चरम व्यक्तिपरकता, हरेक पदमा आफूलाई केन्द्रीत गर्ने महत्वाकांक्षा र लुब्धताको पराकाष्ठा स्पष्ट देखिनाले यस्तो व्यक्ति प्रधान न्यायाधीशका रुपमा नियुक्त भएको खण्डमा न्यायालयप्रतिको आम मानिसको जनविश्वासमा समेत पहिरो जाने गम्भीर स्थिति रहेको हुनाले दलीय आबद्ता रहेको व्यक्तिमा निश्चित pre conceived bias हुने कारणले त्यस्तो व्यक्ति निष्पक्ष न्याय सम्पादनका अतिरिक्त न्यायालयलाई नै नेतृत्व प्रदान गर्नुपर्ने स्थानमा नियुक्त हुनु शोभनीय समेत नभएकाले उहाँको नाम प्रधान न्यायाधीश पदका लागि अस्वीकृत गरियोस् भनी सादर निवेदन गर्दछु।

<u>महाभियोग सिफारिस समिति र अख्तियारको छानबिनको दायरामा रहेको व्यक्ति प्रधान न्यायाधीशमा नियुक्त हुन नसक्ने सम्बन्धमा</u>

१०. निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराले महाभियोग सिफारिस समितिको बैठकमा बयान दिने क्रममा सर्वोच्च अदालतको नयाँ भवन टेन्डर र निर्माणका क्रममा भएको अनियमितता आरोपको सम्बन्धमा सोधिएको पच्चिसौं प्रश्नमा टेन्डर आह्वानलगायतका कार्य न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा गरिएको दाबी गर्नुभएको थियो। तत्कालीन समयमा निज हरिकृष्ण कार्की अदालत व्यवस्थापनको संयोजक हुनुहुन्थ्यो र उहाँले टेन्डरको सबै काम गर्नुभएको हो भनी निलम्बित प्रधान न्यायाधीश जबराले दावी गर्नुभएको थियो।[5] तत्पश्चात् संघीय संसदको महाभियोग सिफारिस समितिले सो सम्बन्धमा छानबिनका लागि तत्कालीन का.मु. प्रधान न्यायाधीश लगायत हाल प्रधान न्यायाधीशमा

[5] https://www.nayapatrikadaily.com/news-details/95662/2022-09-12

प्रस्तावित हरिकृष्ण कार्की लगायतका न्यायाधीशहरुलाई बयान दिन मिति २०७९।०५।३० गते बिहान ८:३० बजे बैठकमा उपस्थिति हुने सम्बन्धमा सर्वोच्च अदालतलाई पत्र समेत लेखेको थियो। लगत्तै मिति २०७९।०५।२९ गते अपरान्ह ४:३० बजे सर्वोच्च अदालतको पूर्ण बैठक बसी महाभियोग सिफारिस समितिमा बयानका लागि जाँदा स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणको सिद्धान्त विपरीत हुने भनी महाभियोग सिफारिस समितिमा कोही पनि न्यायाधीश उपस्थित नहुने भनी गरिएको निर्णय बमोजिम सर्वोच्च अदालतले मिति २०७९।०५।२९ मै च.नं. ३३६ को पत्र पत्राचार गरेको देखिन्छ।उक्त पत्र पनि यसै उजुरीसाथ संलग्न गरिएको छ। यसरी सर्वोच्च अदालतको फूल कोर्टको बैठकबाट बयान दिन नजाने निर्णय गरी बयान दिन नगएतापनि सार्वभौम संसद अन्तर्गतको महाभियोग सिफारिस समितिले आरोपित प्रधान न्ययाधीशको बयान र पोलका आधारमा भवन निर्माणको अनियमितताको सम्बन्धमा छानबिनका लागि बयानका लागि बोलाइएको शंकित व्यक्तिका रुपमा रहेको हुनाले निज हरिकृष्ण कार्की प्रधान न्यायाधीश पदका लागि अयोग्य रहेको हुनाले निजको नाम संसदीय सुनुवाई समितिबाट अस्वीकृत गरी पाऊँ।

११. महालेखा परीक्षकको उनन्साठियौं वार्षिक प्रतिवेदन, २०७९ को पृष्ठ ४१[6] मा पनि सर्वोच्च अदालतको भवन निर्माणका क्रममा अनियमितता भएको भनी स्पष्ट पारिएको छ। महालेखाले भवन निर्माणबारे टिप्पणी गरेको छ, "२०७७।११।३ मा सम्माननीय प्रधान न्यायाधीशबाट उक्त संयुक्त उपक्रमको बोलपत्र मूल्याङ्कनमा समावेश गर्ने निर्णयबमोजिम २०७७।१२।७ मा बोलपत्र स्वीकृत भएको छ। एकमात्र बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही मानेर स्वीकृत गर्दा प्रतिस्पर्धा सीमित भई निर्माण कार्यको स्वीकृत लागत अनुमानको हाराहारी अर्थात् ०.३९ प्रतिशतमात्र न्यून रकमको ठेक्का स्वीकृत भएकोले खरिद कार्य प्रतिस्पर्धी एवं मितव्ययी भन्न सकिने अवस्था रहेन।" सर्वोच्च अदालत व्यवस्थापन समितिबाट २०७७ असार १८ गते भवन निर्माणको निर्णय भएको थियो। सर्वोच्च अदालतले २०७७ पुस ६ गते नयाँ भवन निर्माणका लागि टेन्डर आह्वान गरेको थियो। भवन निर्माणका लागि ५ अर्ब २२ करोड रूपैयाँको लागत अनुमान थियो। बोलपत्रमा चारवटा कम्पनी सहभागी भए पनि ठेक्काको बोलपत्र कालिका—समानान्तर जेभीलाई कम्पनीलाई मात्र मिल्नेगरी खोलिएको थियो।त्यस क्रममा तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबरा र व्यवस्थापन समितिका संयोजक निज हरिकृष्ण कार्कीबिच मिलेमतोमा उक्त टेन्डर खोलिएको थियो। भवनका लागि ठेक्कापट्टाका क्रममा अनियमितता भएको भन्दै अख्तियारमा पनि उजुरी परेको थियो। उजुरीपछि अख्तियारले सर्वोच्चसँग राय—प्रतिक्रिया मागेको थियो। अख्तियारले २०७९ वैशाख ४ मा पत्र पठाएर भवनका विषयमा सर्वोच्च प्रशासनसँग राय मागेको थियो। त्यसपछि वैशाख १६ गते रजिस्ट्रार नारायण पन्थीले सर्वोच्च अदालतको नयाँ भवन निर्माणसम्बन्धी खरिद कार्य गर्दा कानुनविपरीत नभएको, गलत

[6] https://oag.gov.np/uploads/files/lkL-महालेखापरिक्षकको%20उनन्%E2%80%8Dसाठीऔँ%20वार्षिक%20प्रतिवेदन,%20२०७९.pdf

मनशायबाट कुनै काम नभएको जवाफ पठाएपनि रजिस्ट्रार पन्थीले तत्कालीन कामु प्रधानन्यायाधीशलाई नसोधी जवाफ पठाएको भन्दै तत्काली कामु प्रधान न्यायाधीशको सचिवालयले अख्तियारलाई अर्को पत्र पठाएको थियो। कामु प्रधानन्यायाधीश दीपक कुमार कार्कीले सर्वोच्चका रजिस्ट्रारले अनियमितता नभएको दाबी गर्दै लेखेको पत्रलाई पनि खण्डन गरी कामु प्रधानन्यायाधीशले २०७९ असार २९ गते अख्तियारलाई छुट्टै पत्र पठाउँदै सर्वोच्च अदालतको भवन निर्माणमा अनियमितता भएको विषयमा अनुसन्धानको जानकारी दिन माग गर्नुभएको थियो। उहाँले भवन निर्माण प्रक्रियामा अनियमितता देखिए निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहितलाई अनुसन्धानको दायरामा ल्याउनसमेत उक्त पत्रमा माग गर्नुभएको हुनाले उक्त मिति २०७९।०३।२९ मा सर्वोच्च अदालतका कामु प्रधान न्यायाधीशबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भवन निर्माणको अनियमितता छानबिनका लागि लेखिएको पत्र र सो सम्बन्धमा अख्तियारले १५ दिन भित्र सर्वोच्च अदालतलाई पेश गरेको जानकारीको विवरण समेत सार्वभौम संसद अन्तर्गतको त्यस संसदीय सुनुवाई समितिमा झिकाई प्रमाण लगाई सत्य तथ्यका आधारमा सुनुवाई प्रक्रिया अघि बढाइयोस्। उक्त भवन निर्माण ठेक्का लगाउँदा टेन्डरको प्रक्रिया समेत हेरेका सर्वोच्च अदालतको व्यवस्थापन समितिमा संयोजक रहेका निज हरिकृष्ण कार्की यसर्थ उक्त भवन निर्माणको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भइरहेको छानबिनमा शंकित व्यक्तिको रुपमा रहेको हुनाले निजलाई प्रधान न्यायाधीशको पदमा नियुक्त गर्न निज श्री हरिकृष्ण कार्की उक्त पदका लागि निष्पक्ष, सक्षम, योग्य र उपयुक्त पात्र समेत नरहेको हुनाले निजको नाम संसदीय सुनुवाईबाट अनुमोदन नगरी अस्वीकृत गरिपाऊँ।

१२. प्रधान न्यायाधीशको नियुक्ति सार्वजनिक जनसरोकारको विषय हुनुका साथै न्यायालय शुद्धिकरणको सम्बन्धमा पनि अति महत्वपूर्ण विषय हुनाले यस उजुरी पत्रमा लेखिएका विषयका सम्बन्धमा संसदीय सुनुवाई समितिसमक्ष उजुरीकर्तालाई उपस्थित भई उक्त विषयमा प्रधान न्यायाधीश पदका लागि प्रस्तावित निज श्री हरिकृष्ण कार्कीसँग सत्य तथ्य र उहाँमाथि उठेका प्रश्नबारे सोधपुछ गर्ने समेत अधिकार रहेको छ। तथा यस उजुरीमा उठाइएका विषयवस्तुका विषयमा उजुरीकर्तालाई पर्याप्त समय उपलब्ध गराई विधिशास्त्रीय दृष्टिकोण समेत राख्नका लागि समय उपलब्ध गराइयोस् भनी सादर अनुरोध गर्दछु। समितिले सो प्रयोजनका लागि आमन्त्रण गर्ने विश्वासका साथ समितिमा उपस्थित भई समितिलाई सहयोग गर्नका लागि तयार रहेको समेत व्यहोरा अनुरोध गर्दछु।

१३. यो उजुरी त्यस संसदीय सुनुवाइ समितिको सूचनामा उल्लेखित आधिकारिक इमेल ठेगाना parl_hearing@parliament.gov.np मा इमेल पठाई सोही माध्यमबाट उजुरी दर्ता गरिएको हुनाले यो उजुरी इमेलबाट प्राप्त गरी दर्ता गरी म उजुरीकर्तालाई दर्ता नं समेत मेरो इमेल ठेगाना amritkharel@gmail.com मा उपलब्ध गराउन हुन समेत सादर अनुरोध छ।

१४. देहाय बमोजिमका प्रमाणहरु यसै उजुरी साथ संलग्न गरिएका छन्ः

क. संघीय संसद संसदीय सुनुवाइ समितिको सूचना ।

ख. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको प.सं. २०७९।८० च.नं. सु.स.वै./५१२/४३६८ रहेको मिति २०७९/११/१७ को पत्र ।

ग. सर्वोच्च अदालतले मिति २०७९।०५।२९ गते महाभियोग सिफारिश समितिलाई लेखेको च.नं. ३३६ को पत्र ।

घ. हाम्रा कुरा डट कममा प्रकाशित समाचारको पिडिएफ कपी ।

ङ. हिमाल खबर डट कममा प्रकाशित समाचारको पिडिएफ कपी ।

च. नयाँ पत्रिका डेली डट कममा प्रकाशित समाचारको पिडिएफ कपी ।

छ. मिति २०७९।०३।२९ मा सर्वोच्च अदालतका कामु प्रधान न्यायाधीशबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भवन निर्माणको अनियमितता छानबिनका लागि लेखिएको पत्र र सो सम्बन्धमा अख्तियारले १५ दिन भित्र सर्वोच्च अदालतलाई पेश गरेको जानकारीको विवरण सर्वोच्च अदालतबाट झिकाई प्रमाण लगाई पाऊँ।

ज. यस उजुरीमा पेस हुन नसकेका अन्य प्रमाण कागजातहरू महाभियोग सिफारिश समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, न्याय परिषद सचिवालय, संवैधानिक परिषद, सर्वोच्च अदालत, नेपाल बार एशोसियसन लगायतका अन्य निकायमा भएकोले उजुरीकर्ताले प्राप्त गर्न नसक्ने खालका गोप्य कागज प्रमाण तत् तत् निकायबाट झिकाइ प्रमाण लगाइपाऊँ।

<u>उजुरीकर्ता</u>

अधिवक्ता अमृत खरेल

सम्पर्क नं ९८५१०३२९५१

amritkharel@gmail.com

इति संवत् २०८० साल जेठ महिना २५ गते रोज ५ शुभम् ............................।

# संघीय संसद
# संसदीय सुनुवाइ समितिको

## सूचना

नेपालको प्रधान न्यायाधीश पदमा देहाय बमोजिमका व्यक्तिको नियुक्तिका लागि संवैधानिक परिषद्बाट सिफारिस भई संसदीय सुनुवाइका लागि मिति २०८०/०१/२७ गते यस समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त पदमा उहाँलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाण सहित मिति २०८० जेठ २६ गते कार्यालय समयभित्र यस समिति समक्ष निम्न माध्यम मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचना दाताले आफ्नो नाम, थर, वतन र सम्पर्क नम्बर स्पष्ट रूपमा खुलाउनुपर्ने र निजले चाहेमा सूचना दाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै सतहत्तरै जिल्लाका सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूले यस सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरूमा टाँस्ने व्यवस्था गरिदिनुहुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०८० जेठ २६ गते कार्यालय समयभित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनुहुन समेत अनुरोध छ ।

| क्र.सं. | सिफारिस गरिएको व्यक्तिको नामावली | नियुक्तिका लागि सिफारिस गरिएको पद र अदालत |
|---|---|---|
| १. | श्री हरिकृष्ण कार्की | प्रधान न्यायाधीश, सर्वोच्च अदालत |

**सूचना दिने ठेगाना :**

संसदीय सुनुवाइ समिति,
संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौं ।
फोन नं.: ४२००२७७
इमेल : parl_hearing@parliament.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७९/८०
च.नं. : सु.स.वै./५१२/४३६८

२०७९/११/१७

श्री कपिलदेव ढकाल,
रूपन्देही, नेपाल ।

विषयः सूचना सम्बन्धमा ।

तपाईंले सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्तिमा संवैधानिक परिषद्को संवैधानिक दायित्वका सम्बन्धमा सूचना माग गर्दै यस कार्यालयमा २०७९/११/१४ मा दर्ता गर्नुभएको निवेदनका सम्बन्धमा लेखिँदैछ । यस कार्यालयको मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखाबाट प्राप्त सूचना तथा जानकारीअनुसार संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ संशोधन गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको थियो । सो अध्यादेशले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को उपदफा (३) र (५) लाई संशोधन गर्नुका साथै उपदफा (६) र (७) लाई खारेज गरेकोमा अध्यादेशले संशोधन गरेको उक्त व्यवस्था हाल कायम नरहेको कारण कानूनी रिक्तता छ । उक्त कानूनी रिक्ततालाई पूरा गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ संशोधन गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ प्रतिनिधिसभामा दर्ता भई विचाराधीन रहेकोले प्रधानन्यायाधीशको नियुक्तिसम्बन्धी सिफारिस प्रक्रिया अगाडि बढाउन नसकिएको व्यहोरा अनुरोध छ ।

(कविता फुयाल)
सूचना अधिकारी

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

श्री
# सर्वोच्च अदालत

सर्वोच्च अदालत
काठमाडौं

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
☎ :४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७९/८०
प्राप्त पत्र संख्या र मिति :
च.नं. ३३६

मितिः २०७९।०५।२९

विषय : जानकारी सम्बन्धमा।

श्री संघीय संसद प्रतिनिधि सभा महाअभियोग सिफारिस समिति,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत सम्बन्धमा तहाँ समितिको यस अदालतका सम्माननीय का.मु. प्रधानन्यायाधीशज्यू र अन्य माननीय न्यायाधीशज्यूहरुलाई मिति २०७९/०५/३० गते बिहान ८:३० बजे बैठकमा उपस्थिति हुने सम्बन्धी मिति २०७९।०५।२९को प्राप्त पत्रको सन्दर्भमा लेखिदैछ।

सो सम्बन्धमा "महाभियोगसम्बन्धी कारवाही प्रक्रियाका सन्दर्भमा यस अदालतका न्यायाधीशले उपरोक्त लेखी आएअनुसार महाभियोग सिफारिस समितिमा उपस्थित हुनु र निजसँग सोधपुछ, सवाल-जवाफ गरिनु स्वतन्त्र न्यायपालिका, शक्तिपृथकीकरणको सिद्धान्त र नेपालको संविधानले अङ्गिकार गरेका मान्यताहरू समेतका कुनै पनि दृष्टिले संविधानसम्मत्, उचित र शोभनीय नहुने हुँदा प्राप्त हुन आएको पत्रानुसार कोही पनि न्यायाधीश उपस्थित हुन नमिल्ने भएकोले सोही बेहोराको जानकारी महाभियोग सिफारिस समितिमा तत्काल लेखी पठाई दिने" भनी मिति २०७९।०५।२९ गते बुधबार अपरान्ह ४:३० बजे बसेको यस अदालतको पूर्ण बैठकबाट निर्णय भएको बेहोरा जानकारीको लागि अनुरोध गर्दछु।

२०७९।५।२९

नारायणप्रसाद पन्थी
का.मु. मुख्य रजिष्ट्रार

Z:\Full Court\letter full court.doc

कम्युनिष्ट दस्तावेज

# एमालेभित्र खास गुट आठौं महाधिवेशनपछि, यस्तो थियो विजारोपण

## ओली–नेपाल सदावहार प्रतिद्वन्द्वी

हाम्रा कुरा | प्रकाशित २०७८ मंसिर ७ मंगलबार

396 Shares

२०५९ सालमा एमालेको सातौं महाधिवेशन सम्पन्न भैरहँदा मुलुकमा माओवादी द्वन्द्व उत्कर्षमा पुगेको थियो । मुलुकभित्र प्रजातान्त्रिक अधिकार गुमेको अवस्था थियो । राजाले शासन गरेका बेला राजनीतिक दलका गतिविधिहरु करिब करिब अघोषित प्रतिबन्धमा थिए । राजनीतिक दलका नेताहरु सडकमा निस्केर राजाका विरुद्ध आन्दोलन गर्ने अवस्थामा थिएनन् । त्यस्तो बेलामा भएको महाधिवेशनले माधव नेपाललाई नै महासचिव चुन्यो । तर पार्टी विस्तारै विस्तारै खिइँदै गएको अवस्थामा पुग्यो ।

ज्ञानेन्द्रले २०५८ असोज १८ मा शेरबहादुर देउवाको सरकारलाई अपदस्थ गरे । त्यसपछि उनले प्रधानमन्त्री पदको विज्ञापन गरेका थिए । तत्कालीन महासचिव नेपालले आफूलाई प्रधानमन्त्री बनाउन दरवारमा बिन्तीपत्र चढाएका थिए । नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले माधव नेपाललाई बिन्तीपत्र हाल्न सुझाव दिएको बताइन्छ ।

यद्यपि त्यो निर्णय माधव नेपाल एक्लैको थिएन । केन्द्रीय कमिटीको बैठकले नै निर्णय गरेपछि माधव नेपालले प्रधानमन्त्रीको दाबी गरेका थिए । दरबारले प्रधानमन्त्रीका लागि दरखास्त आह्वान गरेपछि महासचिव नेपाल आफैं नारायणहिटी दरबारको पश्चिमढोका पुगी आफूलाई त्यसबेला आन्दोलनरत नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, सद्भावना र नेमकिपाको समर्थन रहेको दाबीसमेत गरेका हुन् ।

त्यसबेला अन्य दलहरुले आन्दोलनपछि बन्ने सरकारको नेतृत्व एमाले महासचिवले गर्ने निर्णय गरे पनि त्यसरी दरबारमा बिन्तीपत्र हाल्ने निर्णय नभएको बताउँदै महासचिव नेपालको चर्को आलोचना गरेका थिए । त्यो विवादको प्रभाव एमालेभित्र पनि परेको थियो ।

राजाको दमन चलिरहेका बेला दलहरु प्रतिरोध आन्दोलनमा थिए । त्यत्तिकैमा जेठ २० गते २०६१ मा महासचिव माधव नेपालको आदेशमा सडक संघर्षबाट अचानक एमाले बाहिरियो र प्रतिगमन आधा सच्चियो भन्दै शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाएर सरकारमा सहभागी भयो ।

राजा ज्ञानेन्द्रले गठन गरेको मन्त्रिमण्डलमा भरतमोहन अधिकारीको नेतृत्वमा माधव नेपालले एमालेका नेताहरुलाई मन्त्री बन्न पठाए । एमालेका घनश्याम भुषालगायत युवा नेताहरुले गणतन्त्र र संविधान सभाको उच्चारण गर्दा 'धेरै फूर्ति नगर्नोस्, कारबाही गरिदिउँला' भन्न भ्याएका नेपालको यो अर्को गल्ती थियो ।

तर राजाले त्यो सरकारलाई पनि अपदस्त गरेर आफैं शासन सत्ता हातमा लिए ।  ज्ञानेन्द्रले २०६१ माघ १९ मा सत्ताको लगाम आफ्नो हातमा लिएपछि एमालेमात्र होइन राजनीतिक दल नै कमजोर भएको आभाष भयो । देउवादेखि नेपालसम्मलाई नजरबन्दमा राखे ।

'टुलुटुलु हेरेर नबस्ने' राजाको सक्रिय शासन शुरु भयो । शासन आफ्नै हातमा लिएपछि २०६२–२०६३ को जनआन्दोलन भयो । जनआन्दोलनमा माओवादी समेतको अघोषित सहभागिता थियो । त्यसअघि २०६२ मंसिर ७ गते सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको १२ बुंदे समझदारीपत्र हस्ताक्षर भएको थियो ।

नेपाल नजर बन्द भएका बेला पार्टीको कमाण्ड पार्टीका नेता झलनाथ खनालले सम्हालेका थिए । खनालले त्यतिबेला भूमिगत रुपमै एमालेको कमाण्ड सम्हालेर आन्दोलनसम्म ल्याए । त्यही बीचमा तत्कालीन महासचिव नेपालको पहलमा माओवादीसँग वार्ता गर्न वामदेव गौतम रोल्पा गए ।

युवराज ज्ञवाली पनि खटिए । प्रचण्डलाई भेट्ने गरी तत्कालीन एमालेका स्थायी कमिटी सदस्यद्वय वामदेव गौतम र युवराज ज्ञवालीलाई खटाइएको थियो । दुवै पक्ष सम्मिलित यो टोलीले दुई दिनसम्म घनिभूत रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, सशस्त्र विद्रोहले ब्यहोरेका धक्का र घाटाहरुका साथै आन्दोलनका विभिन्न पक्ष र रुपका बारेमा विशेष चर्चा गरेको थियो ।

यो छलफलको निष्कर्षको रुपमा संविधानसभाको निर्वाचन र गणतन्त्र प्राप्तिका लागि शान्तिपूर्ण संयुक्त जनआन्दोलन सञ्चालन गर्ने गरी दुई पार्टीबीच ६ हुँदै सहमति भयो । यही सहमतिको जगमा माओवादी तथा तत्कालीन राजाका जनविरोधी कदमविरुद्ध संघर्षरत ७ दलबीच १२ बुँदे सहमति सम्भव भएको मानिन्छ ।

नजरवन्द खुला भएपछि माधव नेपाल आफैं प्रचण्डलाई भेट्न लखनउ गएका थिए । त्यसपछि दिल्लीमा केपी शर्मा ओलीले पनि भेटेका थिए । जनआन्दोलनमा ओलीको भूमिका भने कमजोर रहेको थियो । त्यसको असर ओलीलाई अहिलेसम्म परेको छ ।

२०६३ सालमा माओवादी शान्ति प्रकृयामा आएपछि नेपाली कांग्रेसले माओवादीलाई च्यापेको आभाष एमालेलाई परेको थियो । २०५६ सालको आम निर्वाचनमा एमालेले जितको ७३ सीट बराबर नै माओवादीलाई दिने निर्णय गरेपछि माओवादीले एमालेलाई पेल्न थाल्यो । त्यसको असर संविधान सभाको पहिलो निर्वाचन २०६४ सालमा पर्यो ।

संविधान सभाको पहिलो निर्वाचनमा पार्टी महासचिव माधव नेपालसहित सबै ठूला नेताहरु पराजित भए । निर्वाचनमा पराजय भएपछि नैतिकताको जिम्मेवारी लिदै माधव नेपालले राजिनामा दिएपछि पार्टीको नेतृत्व केपी ओलीले लिन चाहेका थिए । तर माधव नेपालले झलनाथ खनाललाई दिए । २०६२ –०६३ को जनआन्दोलनमा सहभागी नभएर आलोचित ओलीलाई माधव नेपालले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकार उपप्रधान तथा परराष्ट्रमन्त्री बनाएका थिए ।

सरकारमा जान त्यसबेला सहाना प्रधान, अमृत बोहोरा लगायतका नेताहरुको चाहना हुँदा हुँदै नेपालले ओलीलाई सरकारमा नेतृत्व गर्ने अवसर दिएका थिए । तर ओलीले निर्वाचनपछि माधव नेपालले महासचिवबाट राजीनामा दिएपछि पार्टीको नेतृत्व गर्ने चाहना राखेका थिए । माओवादी र कांग्रेस दुवै पार्टीको आलोचकका रुपमा चिनिएका ओलीले त्यसबेला पार्टीको नेतृत्व गर्न पाएनन् । त्यो नपाउनुमा विगतलाई नियाल्नुपर्ने हुन्छ ।

ओलीले २०५९ सालमा जनकपुरमा भएको सातौं महाधिवेशनमा ओलीले महासचिव प्रणालीलाई खारेज गरेर पार्टीलाई सामूहिक नेतृत्व र अध्यक्षात्मक प्रणालीमा लैजानु पर्ने प्रस्ताव अघि सारेका थिए । तर महाधिवेशनका लागि निर्वाचित प्रतिनिधिमा माधव नेपाल पक्षधरको बहुमत भएर आफू अल्पमतमा परेपछि उनले प्रस्ताव फिर्ता लिएका थिए । त्यसबेला केन्द्रीय सदस्यमा पराजित भएर पार्टीको जिम्मा नपाउनेमा पृथ्वीसुब्बा गुरुङ, खगराज अधिकारी, सोमनाथ अधिकारी प्यासी, वाचस्पति देवकोटालगायत ५४ जना थिए ।

उनीहरूले सामूहिक रूपमा वक्तव्य निकालेर जिम्मेवारी दिन माग गरेका थिए । उक्त महाधिवेशनमा ४५ सदस्यीय पूर्ण सदस्यमध्ये ओली पक्षबाट उनीसहित विद्या भण्डारी, शंकर पोखरेल, प्रदीप ज्ञवाली, काशिनाथ अधिकारी गरी पाँच जना मात्र केन्द्रीय समितिमा निर्वाचित भएका थिए ।

तर पछि माधव नेपालले १४ जना मनोनित गरेर विवाद मिलाएका थिए । त्यो तुस पार्टीमा बाँकी नै थियो । त्यही तुस मेट्ने क्रममा नेपालले आफूलाई जिम्मेवारी नदिएको ओलीले महसुस गरे । त्यसपछि एमाले झलनाथ खनालको नेतृत्वमा आठौं महाधिवेशनमा होमियो ।

नेकपा (एमाले) को आठौं राष्ट्रिय महाधिवेशन २०६५ फागुन ५ देखि १४ सम्म बुटवलमा भव्यतापूर्वक सम्पन्न भएको थियो । संविधान सभाको निर्वाचनमा पराजय भोगेको एमालेले व्यापक जनपरिचालन र राष्ट्रिय स्तरका प्रमुख नेताहरूको उपस्थितिका हिसाबले उद्घाटन सत्र भब्य गरेको थियो ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीको हैसियतमा अतिथिमा सहभागी भएका थिए । 'यो एमालेको महाधिवेशनको उद्घाटन समारोह भए पनि वास्तवमा देशको महाधिवेशन हुन पुगेको छ,' उनले त्यसबेला भनेका थिए । त्यतिबेला स्थायी कमिटीका सदस्य ईश्वर पोखरेलले बन्दसत्रको शुरुआत गरेर आफू महासचिवको दावेदार भएको प्रस्तुत गरेका थिए । पोखरेलसँग प्रदीप नेपाल महासचिवको अर्को प्रतिस्पर्धी थिए ।

अमृतकुमार बोहराको अध्यक्षतामा सहाना प्रधान, भरतमोहन अधिकारी, मोदनाथ प्रश्रित, अशोक राई, विद्यादेवी भण्डारी, रामचन्द्र झा, पृथ्वीसुब्बा गुरुङ, महेश चौधरी, रामप्रित पासवान र मोहनसिंह राठौर सदस्य रहेको ११ सदस्यीय अध्यक्ष मण्डल गठन गरिएको थियो ।

अध्यक्ष मण्डलको सहयोगका लागि ईश्वर पोखरेल, प्रदीप नेपाल, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, प्रदीप ज्ञवाली, भीम रावल, शङ्कर पोखरेल, विष्णु रिमाल, राजेन्द्र श्रेष्ठ, रघुवीर महासेठ, उर्मिला अर्याल र हेमराज राई रहेको स्टेरिङ कमिटी बनाइएको थियो ।

यस्तै युवराज कार्की, राजेन्द्र पाण्डे, राधा ज्ञवाली, सुरेश कार्की, प्रकाश ज्वाला, रवीन्द्र श्रेष्ठ, रकम चेम्जोङ, लालबाबु पण्डित र शेरबहादुर तामाङ रहेको माइन्यूट कमिटी बन्यो ।

साथै गोविन्द कोइराला, उर्वादत्त पन्त, वेदुराम भुषाल, बिन्दा पाण्डे, दलबहादुर राना, गोपाल ठाकुर, रामलाल काफ्ले, हर्कबहादुर सिंह र बोमबहादुर खड्का सहितको बहसनोट कमिटी गठन गरिएको थियो ।

अध्यक्ष मण्डल अन्तर्गत नै १७ सदस्यीय निर्वाचन कमिटी बन्यो । जसको संयोजक गोविन्द ज्ञवाली र सचिव हरिकृष्ण कार्की (हाल सर्वोच्च अदालतका न्यायाधीश) थिए । सदस्यहरूमा रमेश बडाल, श्रीमण गौतम, रमेशप्रसाद राजभण्डारी, वामदेव ज्ञवाली, रामबहादुर निरौला, उद्धवप्रसाद काफ्ले, विष्णुमाया भुषाल, इन्दु आचार्य, रञ्जु ठाकुर, कृष्णभक्त पोखरेल, शङ्कर सुवेदी, अफिलाल अखेडा, लक्ष्मण कुँवर, कुलप्रसाद नेपाल र कृष्ण आङदेम्बे रहे ।

निर्वाचन कमिटीमा रहेका अग्नि खरेलले पछि राजीनामा दिई केन्द्रीय कमिटीको सदस्यमा उम्मेदवारी दिए । यो महाधिवेशनमा १४ देशका २२ पार्टीका ४० प्रतिनिधिहरूको उपस्थितिमा गरिएको 'शुभकामना मन्तव्य' राखेका थिए ।

केन्द्रीय कमिटीका तर्फबाट निवर्तमान महासचिव झलनाथ खनालले राजनीतिक प्रतिवेदन प्रस्तुत गरे । उनले प्रतिवेदनका मूलभूत राजनीतिक–सैद्धान्तिक प्रस्तावनामाथि प्रकाश पार्दै करिब तीन घण्टा लामो मन्तव्यका क्रममा पार्टीको पुनःनिर्माण र पुनःगठनमा विशेष जोड दिएका थिए ।

केन्द्रीय कमिटीका तर्फबाट सर्वसम्मतिले एउटै दस्तावेज प्रस्तुत गरिएकाले मुख्य राजनीतिक एजेन्डामा नेतृत्व तहको सहमति र एकता भएको थियो । संगठन  विभाग प्रमुख अमृतकुमार बोहराले 'विधान संशोधन प्रस्ताव' प्रस्तुत गरेका थिए । जसमा अध्यक्ष, उपाध्यक्ष, महासचिव र सचिवसहितको 'बहुपदीय व्यवस्था' का साथै 'राष्ट्रिय प्रतिनिधि परिषद्'को गठन लगायतका नयाँ प्रस्ताव राख्दै सातौँ महाधिवेशनद्वारा पारित विधानलाई अद्यावधिक गर्न जोड दिइएको थियो ।

यस प्रस्तावले 'पार्टीलाई बहुपदीय व्यवस्थापन अन्तर्गतको सामूहिक नेतृत्वमा अघि बढाउन र पार्टीको आन्तरिक लोकतान्त्रीकरण गर्न' प्रस्तावित गरेको संशोधन महाधिवेशनको उल्लेखनीय पक्ष रहेको थियो ।

आठौं महाधिवेशनको नौलो अभ्यास अन्तर्गत विभिन्न नेताहरूद्वारा प्रस्तुत विचार र दृष्टिकोणलाई 'फरक वा भिन्न होइन पूरक प्रस्ताव'का रूपमा बन्दसत्रमा राखियो । यस शिलशिलामा शङ्कर पोखरेलले 'पार्टीको लोकतान्त्रीकरणका लागि १५ प्रस्ताव' प्रस्तुत गरेका थिए । घनश्याम भुषालले 'केन्द्रीय कमिटीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन तथा विधान संशोधन प्रस्तावमाथिको पूरक प्रस्ताव' प्रस्तुत गरेका थिए । त्यही महाधिवेशनमा अध्यक्षमा झलनाथ खनाल र केपी शर्मा ओलीवीच प्रतिस्पर्धा भयो ।

पूर्वमहासचिव माधवकुमार नेपालले बन्दसत्रमा आफ्नो मन्तव्य राख्दै प्रतिस्पर्धाका आधारमा नेतृत्व चयन गरिए आफू उम्मेदवार नहुने धारणा राखेपछि प्रतिस्पर्धा भएको थियो । उनले केपी शर्मा ओलीले चुनावमा गएर केही नबिग्रिने धारणा राखेपछि उनी एक प्रकारले तटस्थ बसे ।

कुल ३ सय ७७ उम्मेदवार मध्येबाट १ सय १५ सदस्यीय नयाँ केन्द्रीय कमिटी चयन गर्न १ हजार ८ सय २० प्रतिनिधिले मतदाता भए पनि १ हजार ७ सय ८३ जना मात्रै मतदानमा सहभागी भएका थिए । अध्यक्षमा झलनाथ खनाल १ सय १७ मतको अन्तरले विजयी भएका थिए ।

केन्द्रीय कमिटी १ सय १५ सदस्यीय (जसमा ८५ पूर्ण र ३० वैकल्पिक सदस्य)  त्यसमध्ये ५५ प्रतिशत खुला र ४५ प्रतिशत आरक्षण अन्तर्गत सदस्य चुनिएका थिए ।

सबै पदमा प्रतिस्पर्धा भएको थियो । खनाल विजयी भएपछि पार्टीभित्रको सबै विवाद बुटवलको तिनाउ नदीमा फाल्ने वचन खनाल–ओली दुवैले दिए पनि पार्टीभित्र खास गुट आठौं महाधिवेशनपछि मौलाउँदै गयो ।

ध्रुवीकरणबीच सकियो एमालेको नवौं महाधिवेशन, ओली–नेपालबीच आरोप प्रत्यारोप
एमालेभित्र खास गुट आठौं महाधिवेशनपछि, यस्तो थियो विजारोपण
भ्रष्टाचारी घोषित गरिएका वामदेव पार्टीमा फर्केपछि सहज भयो एमाले महाधिवेशन
नेपालगञ्ज पुग्नुअघि नै योगेश भट्टराईलाई दश वर्षे प्रतिबन्ध, ओली–गौतम टकराव
पाँचौ महाधिवेशनबाट यसरी बलियो बनेको थियो आजको एमाले
यसरी बन्यो नेकपा एमाले
यस्तो थियो नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणा पत्र
एक महिनासम्म चलेको दरभंगा प्लेनमको अर्थ, जहाँ रोए तुलसीलाल
कम्युनिष्ट फुटाउने कारक बन्यो नेकपाको तेस्रो राष्ट्रिय महाधिवेशन
नेकपाको दोस्रो महाधिवेशन : पुष्पलाललाई हराउँदै नेतृत्वमा रायमाझीको पकड
नेपाल कम्युनिष्ट पार्टीको स्थापनादेखि पहिलो महाधिवेशनसम्मको संघर्ष

396 Shares

#एमाले महाधिवेशन #एमाले #कम्युनिष्ट दस्तावेज

MudraConsult Your partner for Success
1. Audit report preparation 2. Firm/ Company registration 3. Financial Consultancy 4. Business proposal writing 5. Document collection and management 6. Project reports/ Projection 7. Banking liasion

सम्बन्धित समाचार :

जलहरी सुनको हो, होइन दूधको दूध पानीको पानी हुने गरी छानबिन हुनुपर्छ : नेम्वाङ
निर्वाचनको समीक्षा गर्न एमालेले डाक्यो बैठक
७० करोड र एमालेकै असहयोगले डेन्जर जोनमा गोकुल बाँस्कोटा
सात प्रदेशमा प्रशिक्षणका लागि एमाले नेताहरु खटिए
एमाले अध्यक्षको घर अगाडि प्रेसर कुकर बम
करिश्मा मानन्धर एमालेमा प्रवेश
अछाम कांग्रेस नेतृत्वका लागि पुनः मतदान हुँदै
एमाले सर्लाहीको अध्यक्षमा प्रसाईं र साहको दाबी
एमाले कालीकोटको अध्यक्षमा पाण्डे
एमाले स्याङ्जामा सूर्यप्रसाद
एमाले कास्कीमा मनबहादुर
एमाले पर्वतमा राजु

लोकप्रिय समाचार
महिना भरि | वर्ष भरि
मायादेवीको आफ्नै भवनवाट सेवा
प्रचण्ड दर्शन गर्न पुग्नुअघि भत्कियो महाकालेश्वर मन्दिरको मूल प्रवेशद्वार
चार विदेशीसहित १४ जनाले गरे कञ्चनजङ्घा आरोहण
आठ हजार बढीको रोजगारी गुम्ने भएपछि भन्सार ठप्प
दिल्लीका सडकमा प्रचण्डको तस्बिर
बुद्धशान्तिमा सवारी दुर्घटना, दुईको मृत्यु
अमृता दिदी !
पुटिन र बेलोभालाई पक्राउ नगर्न परराष्ट्रलाई दूतावासको पत्र
'सबैको लागि खेलकुद' अपांगता भएकालाई किन पक्षपात ?
गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सीमा क्षेत्रको हवाइ अनुमति पायो नेपालले

हाम्रा कुरा hamrakura.com
कमलपोखरी, काठमाडौं, नेपाल
फोन नम्बर : ९७७-०१-४५११४१४
मोबाइल नम्बर : ९८०८१४१६९७
समाचारको लागि : news@hamrakura.com
ईआइसिटी नेपाल प्रालिद्धारा संचालित:
कम्पनी दर्ता नं : ४७६६५/०६४-०६५
कार्यकारी निर्देशक : माधव प्रसाद चम्लागाई
अनलाइन दर्ता प्रमाणपत्र नं : २०५ / ०७३-०७४
कार्यकारी सम्पादक : सोमराज पोखरेल

Copyright © 2010 - 2023 hamrakura.com. All rights reserved.
About Us Privacy Policy

अदालत

# ...त्यसपछि न्यायाधीश हरिकृष्ण कार्कीले प्रतिनिधि सभा विघटनविरुद्धको सुनुवाइमा नबस्ने निधो गरे

तुफान न्यौपाने | बुधबार, २२ पुस, २०७७



सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्की र वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा र रमण श्रेष्ठ (बायाँबाट)।

**प्रतिनिधि सभा विघटनविरुद्धको मुद्दामा सर्वोच्च अदालतको संवैधानिक इजलासमा भइरहेको सुनुवाइका क्रममा बुधबार गरमागरम बहस र न्यायाधीश–वकीलबीच कडा सवालजवाफ चल्यो। त्यसकै परिणाम 'स्वार्थ बाझिने' मुद्दा नहेर्ने निर्क्योलमा पुगे, न्यायाधीश हरिकृष्ण कार्की।**

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्की प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालमा सरकारको मुख्य कानूनी सल्लाहकार–महान्यायधिवक्ता थिए। २८ असोज २०७२ मा प्रधानमन्त्री ओलीले महान्यायधिवक्तामा नियुक्त गरेका कार्की त्यसपछि न्यायपरिषद्ले उनलाई प्रधानन्यायाधीशको रोलक्रममा पर्नेगरी सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गर्ने दिन, १८ फागुन २०७२ सम्म उक्त पदमा रहे।

सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्तिलाई त्यही सरहको मर्यादा र सेवा सुविधासहित महान्यायधिवक्ता नियुक्त गरिन्छ। संविधानको धारा १५७ अनुसार महान्यायधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हो। महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा हुन्छ र प्रधानमन्त्रीले चाहेका दिनसम्म मात्र उक्त पदमा बस्न पाउँछ। प्रधानमन्त्रीप्रति 'लोयल' हुनेगरी संविधानले नै यस्तो व्यवस्था गरेकाले महान्यायधिवक्ता अन्य संवैधानिक पद भन्दा पृथक हुन्छ।

प्रधानमन्त्री ओलीको सिफारिसमा ५ पुसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरेपछि त्यसविरुद्ध परेका रिट निवेदनलाई एकल इजलासमा सुनुवाइ गर्दै ८ पुसमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले संवैधानिक इजलासमा पठाउन आदेश गरेका थिए। त्यसपछि १० पुसमा प्रधानन्यायाधीश राणाले गठन गरेको संवैधानिक इजलासमा न्यायाधीश कार्कीलाई पनि राखेपछि कानून व्यवसायीहरूले त्यसैदिन प्रश्न उठाएका थिए। आफ्नो स्वार्थ जोडिने विषयमा मुद्दा हेर्न नहुने विषय संसारभर सामान्य कानूनी सिद्धान्तका रूपमा प्रचलित छ र न्याय निरूपण गर्दा न्यायाधीशले निष्पक्षता कायम गरेको देखिन पनि यो सिद्धान्तलाई सबै न्यायाधीशहरूले पालना गर्दै आएका छन्। यसमा अदालतको अवहेलनासम्बन्धी मुद्दालाई भने अपवादको रूपमा लिने गरिन्छ।

*अरु पनि*

**प्रतिनिधि सभा विघटनसम्बन्धी मुद्दामा इजलाससमक्ष निरीह बनेका वकील**

प्रतिनिधि सभा विघटन असंवैधानिक भएको दाबी गर्दै परेको रिटमा सर्वोच्च अदालतले शुक्रबारदेखि संवैधानिक इजलासमा सुनुवाइ थालेको छ। मुद्दा दायर गर्ने वकीलहरू...

शुक्रबार, १० पुस, २०७७

प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा निवेदन दिएका १३ जनामध्येका एक वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले १० पुसको इजलासमा बहस शुरू नहुँदै न्यायाधीश कार्कीको संलग्नतालाई लिएर प्रश्न उठाएका थिए। प्रधानमन्त्री ओलीको कार्यकालमा सरकारको कानूनी सल्लाहकारको रूपमा काम गरिसकेका कारण न्यायाधीश कार्की प्रधानमन्त्री ओलीलाई नै विपक्षी बनाइएको मुद्दाको सुनुवाइमा सहभागी हुँदा निष्पक्षता नदेखिने वरिष्ठ अधिवक्ता त्रिपाठीको जिकिर थियो। त्यसदिन न्यायाधीश कार्कीले कानून व्यवसायीले उठाएको प्रश्नमा कुनै प्रतिक्रिया नदिएको भए पनि प्रधानन्यायाधीश जबराले त्यसरी उठाइएको प्रश्न ठाडै खारेज गरिदिएका थिए।

"त्यस्तो प्रश्न गर्दा हामी सबैले हेरेनौं भने तपाईंहरूको मुद्दामा कसले सुनुवाइ गर्छ ? त्यसैले यस्तो कुरा गर्दै नगर्नुहोस्। बरु बहस शुरू गर्नुहोस्", प्रधानन्यायाधीश जबराले भनेका थिए।

त्यसपछि वरिष्ठ अधिवक्ता त्रिपाठीले 'यो विषय अदालत र न्यायाधीशहरूको विवेकको कुरा हो' भन्दै बहस शुरू गरेका थिए।

उक्त दिन प्रधानन्यायाधीश जबराले ठाडै खारेज गरिदिएको यो विषय पछिल्ला १२ दिनमा सञ्चार माध्यममा भने प्राथमिकतासाथ उठ्यो। यसबीचमा रिट निवेदकहरूले पनि प्रतिनिधि सभा विघटनविरुद्धको मुद्दाको सुनुवाइ संवैधानिक इजलासमा नभएर बृहत् पूर्ण इजलासमा पठाउनुपर्ने माग गर्दै निवेदन दिए।

बुधबारको बहस पनि पूर्वमहान्यायधिवक्ता रमण श्रेष्ठले यो विवाद किन संवैधानिक इजलासको क्षेत्राधिकारमा पर्दैन र के कति कारणले यसलाई बृहत् पूर्ण इजलासले हेर्नुपर्छ भन्ने बारेमा आफ्ना धारणा राखेर शुरू गरेका थिए। श्रेष्ठले नेपालको संविधान, संवैधानिक इजलास सञ्चालन नियमावली र सर्वोच्च अदालतका नजीरहरूलाई उल्लेख गर्दै यो विवादलाई बृहत् पूर्ण इजलासमा पठाउन मागसहित विस्तारमा आफ्ना कुरा राखेका थिए।

*अरु पनि*

**प्रतिनिधि सभा विघटनबारेको सुनुवाइ संवैधानिकमा होइन, बृहत् पूर्ण इजलासमा गरौं**

प्रतिनिधि सभा विघटनविरुद्ध परेका रिटमाथि सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ भइरहेको छ। तर, विगतका नजीर र भविष्यको मार्गदर्शनका लागि यो महत्वपू...

आइतबार, १९ पुस, २०७७

तर, बीचको चिया 'ब्रेक' पछि नेपाल बार एशोसिएसनका पूर्वअध्यक्ष, वरिष्ठ अधिवक्ता शम्भु थापाले जब बहस थाले, इजलासमा एकाएक परिस्थिति फेरियो। वरिष्ठ अधिवक्ता थापाले आफ्नो चिरपरिचित आक्रामक शैलीमा न्यायाधीश कार्कीले मुद्दा हेर्न नमिल्ने जिकिर गरे। उनले प्रश्न गरे, "माननीय श्रीमान् हिजो प्रधानमन्त्रीको मुख्य कानूनी सल्लाहकार हुनुहुन्थ्यो। न्यायाधीश हुनुअघि तपाईंका ल फर्म पार्टनर रहेका अहिलेका महान्यायधिवक्ता अग्नि खरेल प्रधानमन्त्रीका तर्फबाट बहस गर्न पालो कुरेर यहाँ बसिराख्नु भएको छ, अब तपाईंले यो मुद्दा हेर्न मिल्छ ?"

वरिष्ठ अधिवक्ता थापाले न्यायाधीश कार्कीले जे निर्णय गरे पनि त्यसलाई स्वीकार गर्न र बहस गर्न आफू तयार रहेको बताए। "तपाईंको 'इन्टिग्रिटी'माथि हाम्रो प्रश्न होइन। तर, श्रीमान्ले विचार गर्नू। मुद्दा हेर्न मन लाग्छ भने हेर्नुहोस्, लाग्दैन भने नहेर्नुहोस्, यो तपाईंको कुरा हो। तर, कानून व्यवसायीले प्रश्न उठाएका छन्, प्रेसले प्रश्न उठाएको छ। पब्लिकले हेरिराखेका छन्। त्यसमा विचार गर्नुहोला", थापाले भने।

वरिष्ठ अधिवक्ता थापाले यति भनेपछि पूर्वमहान्यायधिवक्ता मुक्ति प्रधानले मुद्दा बृहत् पूर्ण इजलासमा पठाउन माग गरे। अर्का वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले अदालतले संविधानको व्याख्या गर्दा संविधान निर्माताहरूको मनसाय के थियो भनेर हेर्नुपर्ने जिकिर गरे। आवश्यक परेमा संविधान सभामा भएका छलफलहरू झिकाएर हेर्नसमेत उनले सुझाए।

त्यसपछि बहस गर्न आएका वरिष्ठ अधिवक्ता त्रिपाठीले फेरि न्यायाधीश कार्कीको संलग्नतामा प्रश्न उठाए। "कार्की श्रीमान्को संलग्नतामा स्पष्ट 'कन्फ्लिट अफ इन्ट्रेष्ट' छ। न्याय निष्पक्ष भएर मात्र हुँदैन, निष्पक्ष भएको देखिनु पनि पर्छ। तपाईंले यो मुद्दा हेर्न मिल्दैन", उनले भने।

उनले न्यायाधीशको विवेक बोल्नुपर्ने भन्दै यसरी उठेको प्रश्नलाई यत्तिकै 'ढिसमिस' गर्न नपाइने तर्क गरे।

यतिन्जेल न्यायाधीश कार्की केही बोलेका थिएनन्। प्रधानन्यायाधीश जबराले नेपालको संविधानले नै संवैधानिक इजलासका लागि 'स्वार्थ बाझिए पनि मुद्दा हेर्नैपर्ने अवस्था सिर्जना गरेको' बताए। उनले भने, "मलाई पनि प्रधानमन्त्री नै अध्यक्ष भएको संवैधानिक परिषद्ले नियुक्तिका लागि सिफारिस गरेको हो। तपाईंहरूले गरेको तर्क अनुसार त मैले पनि हेर्न नमिल्ने होला। संविधानले संवैधानिक इजलासमा प्रधानन्यायाधीशलाई अनिवार्य गराएको छ। के गर्ने ?"

त्यसको जवाफमा वरिष्ठ अधिवक्ता त्रिपाठीले भने, "तपाईंलाई प्रधानमन्त्रीले होइन संवैधानिक परिषद्ले नियुक्तिको सिफारिस गरेको हो। त्यसैले यो विषय फरक छ।"



वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी

प्रधानन्यायाधीश राणाको प्रश्नमा थप जवाफ दिन वरिष्ठ अधिवक्ता शम्भु थापा उठे।

"संवैधानिक परिषद्ले प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्नु र प्रधानमन्त्रीले सरकारको मुख्य सल्लाहकार नियुक्त गर्नु फरक कुरा हो। यो अदालत सँधै अदालत नै भएर रहोस् भन्ने मात्र हाम्रो चाहना हो। हरिकृष्ण श्रीमान् आफैंले निर्णय गर्नुहोस्," थापाले भने।

उनले संविधानले संवैधानिक इजलासका लागि प्रधानन्यायाधीशलाई अनिवार्य गरे पनि बाँकी चार जना न्यायाधीशका लागि त्यस्तो अनिवार्यता नरहेको, न्यायपरिषद्ले सर्वोच्च अदालतका १३ जना न्यायाधीशलाई संवैधानिक इजलासका लागि तोकेको र तीमध्ये जसलाई पनि इजलासमा राख्न सकिने ठाउँ भएको जिकिर गरे।

*अरु पनि*

**प्रतिनिधि सभा विघटनविरुद्ध वकीलहरूले अन्तिमसम्म अन्तरिम आदेश मागिरहे, प्रधानन्यायाधीशले दिएनन्**

प्रतिनिधि सभा विघटनविरुद्ध परेका निवेदनमा बुधबार सर्वोच्च अदालतमा भएको सुनुवाइमा वकीलहरूले अन्तिमसम्म अन्तरिम आदेश जारी गर्न माग गरिरहे पनि प्रधानन्या...

बुधबार, ८ पुस, २०७७

संविधानको धारा १३७ (१)मा प्रधानन्यायाधीश र न्याय परिषद्ले तोकेका अन्य चार जना न्यायाधीश रहनेगरि सर्वोच्च अदालतमा संवैधानिक इजलास गठन हुने व्यवस्था छ। संविधानको यो व्यवस्था अनुसार उक्त इजलासमा प्रधानन्यायाधीश अनिवार्य रूपमा रहन पर्ने भएपनि बाँकी चार न्यायाधीश भने उनले न्याय परिषद्को सिफारिसमा तोक्न सक्छन्। अहिले न्यायपरिषद्ले संवैधानिक इजलासका लागि सर्वोच्च अदालतका १३ जना न्यायाधीश तोकेको छ।

बहसका क्रममा वरिष्ठ अधिवक्ता थापाले थपे, "हरिकृष्ण श्रीमान्ले प्रधानमन्त्री केपी शर्मा ओलीले 'पर्सनल कपासिटी'मा गरेका निर्णयमाथि परेका मुद्दा हेर्दिनँ भनेर पहिल्यै घोषणा गरेको भए उपयुक्त हुने थियो।"

त्यसपछि न्यायाधीश कार्कीले 'अहिलेको विवाद प्रधानमन्त्री ओलीको व्यक्तिगत कुरा हो र ? भनेर सोधेका थिए। त्यसको जवाफमा थापाले भने- "उहाँ (ओली) प्रतिनिधि सभा विघटन गरेर निरन्तर प्रधानमन्त्री भइरहन चाहनु भएको छ, यो व्यक्तिगत कुरा हो कि होइन, खोई ?"

त्यसपछि न्यायाधीश कार्कीले अग्नि खरेल महान्यायधिवक्ता हुनुअघि उनले लड्ने 'व्यक्तिगत क्लाइन्ट'का मुद्दा आफूले नहेरेको तर, महान्यायधिवक्ताको रूपमा गरेका बहस मात्र सुनेको बताए।

प्रधानन्यायाधीश जबराले मुद्दामा स्वार्थ बाझिने सम्बन्धमा संविधानले नै अप्ठ्यारो अवस्था सिर्जना गरेको बताउँदै थिए, वरिष्ठ अधिवक्ता थापाले थपे- "विकल्प नभएको प्रधानन्यायाधीशको हो। बाँकी न्यायाधीशले हेर्न नमिल्ने मुद्दा भएमा प्रधानन्यायाधीशले अर्को न्यायाधीश राखेर इजलास गठन गर्न सक्छ। यो कुरा सम्माननीय (प्रधानन्यायाधीश) सँगको कुरा होइन, माननीय न्यायाधीश (हरिकृष्ण कार्की) सँगको कुरा हो, उहाँले के गर्नुहुन्छ ? मुद्दा हेर्ने नै निर्णय गर्नुभयो भने हामी बहस गर्न तयार छौं।"

*अरु पनि*

**सबैको नजर अदालतमा, केन्द्रमा छन् जबरा**

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरिदिएपछि अहिले सबैको नजर सर्वोच्च अदालतमा छ।

मंगलबार, ७ पुस, २०७७

त्यसपछि प्रधानन्यायाधीश जबराले पनि यो निर्णय गर्न न्यायाधीश कार्कीलाई छाडिदिने बताए र केही समय मागे। त्यसको एकै छिनपछि इजलासमा कार्कीले भने- "कानून व्यवसायी मित्रहरूले प्रश्न पनि उठाउनुभयो। मैले मुद्दा नहेर्ने निर्णय गरें।"

यसपछि संवैधानिक इजलासले आगामी सुनुवाइ अर्को बुधबार गर्ने निर्णय गऱ्यो।

*बुधबार, २२ पुस, २०७७, १८:२२:०९ मा प्रकाशित*

## प्रतिक्रिया दिनुहोस्

## सम्बन्धित समाचार

### सहकारी व्यवस्थापकलाई ५९ लाख तिर्न आदेश

यसअघि सहकारीकी व्यवस्थापक लीलादेवी पाखरेल अधिकारीले लेखा समितिका अध्यक्ष दीपक श्रेष्ठ समेत १० जना विरुद्ध आपराधिक बल प्रयोगबाट गरिएको करकापको लिखत बदर गरी सजाय गरी पाऊँ भनी जिल्ला अदालतमा २०७७ फागुन ४ गते मुद्दा दर्ता गराएकी थिइन्।

### इजलासमा न्यायाधीशले सोधे- मन्त्रीज्यूको त्यो गिफ्ट चाहिं के रहेछ?

नक्कली भुटानी शरणार्थी सम्बन्धी मुद्दामा चलिरहेको थुनछेकको बहसका क्रममा मन्त्रीलाई 'गिफ्ट' दिने प्रसङ्ग आएपछि काठमाडौं जिल्ला अदालतका न्यायाधीशले इजलासमा सोधे– मन्त्रीज्यूको त्यो गिफ्ट चाहिं के रहेछ?

### नागरिकता विधेयक कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन आदेश

सर्वोच्च अदालतले नागरिकता विधेयक कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ।

### गौर हत्याकाण्डलाई लिएर सर्वोच्चमा रिट दर्ता

गौर हत्याकाण्डलाई लिएर सर्वोच्च अदालतमा रिट दर्ता भएको छ।

### राष्ट्रपतिद्वारा प्रमाणीकरण गरिएको नागरिकता विधेयक विरूद्धको रिटमा के छ?

सरकार र राष्ट्रपतिको कार्यालयले संसद् छलेर नागरिकता विधेयकलाई कानूनी हैसियत दिने असंवैधानिक कदम चालेको भन्दै सर्वोच्च अदालतमा रिट परेको छ।

### नागरिकता विधेयक प्रमाणीकरण विरुद्ध सर्वोच्चमा रिट, जेठ २१ मा सुनुवाइ हुने

राष्ट्रपतिद्वारा गरिएको नागरिकता विधेयक प्रमाणीकरण विरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ।

### दुई करोड घूस मागेका ढाकाकुमार श्रेष्ठको रिटमा आएन अन्तरिम आदेश

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता डा. ढाकाकुमार श्रेष्ठको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।



### रवि लामिछाने विरुद्ध सर्वोच्चमा रिट दर्ता

अदालत • हिमालखबर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछानेको सांसद पद खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ।

## समाचार

हिमालखबर

### साफ च्याम्पियनशिपका लागि नेपाली टोली घोषणा

असार पहिलो साता हुने साफ च्याम्पियनशिपका लागि नेपाली टोली घोषणा गरिएको छ।

हिमालखबर

### घोराही सिमेन्टको शेयरमा कर्मचारीकै अविश्वास

घोराही सिमेन्ट लिमिटेडले निष्कासन गरेको शेयरमा न्यून आवेदन परेको छ।

हिमालखबर

### मनसुन भित्रिन ढिला हुन सक्ने, देशभरि कम पानी पर्ने

यो वर्ष नेपालमा ढिलो गरी मनसुन शुरू हुने सम्भावना देखिएको छ।

## टिप्पणी

### मोदीको एक दशक

भाजपाले प्रसार गरिरहेको लडाकू हिन्दूत्व राष्ट्रवादलाई भारतीय समाजको नशामै प्रवाह गरिएको विष सरह लिन सकिन्छ जसले भारतको इतिहासको एकपक्षीय व्याख्यालाई प्रवर्द्धन गर्छ भने अल्पसंख्यकलाई दानवीकरण गर्छ।

### नागरिकता विधेयकबारे संविधानविद् के भन्छन्?

राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १७ गते प्रमाणीकरण गरेको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकबारे संविधानविद् तथा कानून व्यवसायीले फरक फरक धारणा राखेका छन्।

### समानता र असमानताको पाखण्ड

समयसँगै सम्पत्तिका मानकहरू फेरिने र यसको आर्जनमा व्यक्तिहरूबीच समान उद्यमशीलता असम्भवप्रायः रहेकाले 'आर्थिक समानता' अर्थहीन रटान मात्र हो।

## अर्थ

### बजेट निर्माणमा किन संलग्न गराइयो अवकाशप्राप्त कर्मचारीलाई?

निश्चित घरानालाई लाभ पुग्ने गरी करको दर हेरफेरमा संलग्न भनी भन्सार विभागका कर्मचारी रामकृष्ण श्रेष्ठमाथि किन प्रश्न उठ्यो?

### पूर्व नासुको दक्षता मात्रै प्रयोग गरिएको होः अर्थमन्त्री

अर्थमन्त्री प्रकाशशरण महतले भन्सार विभागका पूर्व नासु रामकृष्ण श्रेष्ठलाई करका दर टाइप गर्ने जिम्मेवारी मात्रै दिइएको बताएका छन्।

### बजेटले अर्थतन्त्रको समस्या समाधान गर्नेमा आशङ्का: उद्योग परिसंघ

निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग परिसंघले आगामी आर्थिक वर्षको बजेटप्रति असन्तुष्टि जनाएको छ।

## पडकास्ट

Himal Khabarpatrika




© हिमालमिडिया प्रा.लि - 2023 सर्वाधिकार सुरक्षित.

e Paper English झण् नयाँ Tube

नयाँ पत्रिका
वि.सं २०८० जेठ २५ बिहीबार






समाचार डिजिटल संस्करण

# महाभियोग सिफारिस समितिमा जबरा र सांसदबीच सवाल–जवाफ (पूर्णपाठ)

**Read Time : > 16 मिनेट**

**कमलराज भट्ट,** काठमाडौं

२०७९ भदौ २७ सोमबार २०:३१:००

बयानका लागि आइतबार महाभियोग सिफारिस समितिको बैठकमा पुगेका निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले राजनीतिक नेतृत्व, न्यायाधीश, पूर्वप्रधानन्यायाधीश, कानुन व्यवसायी र सञ्चारजगतलाई कठघरामा उभ्याएका छन्। साथै उनले न्यायपालिकालाई आँच आउने गरी आफूले कुनै पनि काम नगरेको र आफूलाई महाभियोग लगाउनुपर्ने कुनै पनि कारण नभएको बयान पुनः दोहोऱ्याएका छन्।

उनीमाथि लागेका ४३ आरोपको बयान अझै सकिएको छैन, मंगलबार उनी समितिमा पुगेर थप आरोपमाथि जवाफ दिनेछन्। आइतबारसम्म ३५ आरोपमाथि जबराले प्रस्टीकरण दिएका छन्। मंगलबार थप आठ प्रश्नमा सवाल–जवाल हुनेछ। मंगलबार सवाल र जवाफ सकेर प्रतिवेदन लेखनको काम सुरु गर्ने समितिको तयारी छ।

जबराविरुद्ध नेपाल बार एसोसिएसन र सर्वोच्च बार एसोसिएसनले महाभियोग पुष्टि गर्न ३४ बुँदे पत्र समितिलाई बुझाएको थियो। पत्रमा महाभियोग लगाउने आधार र कारणसमेत छ। जबराविरुद्ध गत १ फागुनमा प्रतिनिधिसभाका ९८ सांसदले महाभियोग प्रस्ताव दर्ता गरेका थिए।

जबरामाथि १२औं प्रश्न– संवैधानिक नियुक्तिसम्बन्धी मुद्दामा एकल इजलासबाट संवैधानिक इजलासलाई अनिश्चितकालसम्म अवरुद्ध गर्नमा प्रमुख भूमिका निर्वाह गरी अधिकारको दुरुपयोग गरेबारे थियो। जवाफमा जबराले संविधानले दिएको दायित्वभित्र रहेको आफूले कार्यसम्पादन गरेको बताए। न्याय निरुपणमा स्वच्छ सुनुवाइ हुनुपर्ने भन्दै जबराले संविधानको धारा १३७ ले प्रधानन्यायाधीशको नेतृत्वमा न्यायपरिषद्ले तोकेका चार न्यायाधीश भनेकाले अन्योल सिर्जना

भएको र प्रधानन्यायाधीश बस्न हुन्छ कि हुँदैन भन्ने प्रश्न उठेकाले यसको निराकरण गणेश रेग्मीले दिएको मुद्दाबाट भएको जानकारी गराए। संविधानले न्याय प्रशासन र पेसी तोक्ने जिम्मा प्रधानन्यायाधीशलाई दिएकाले अधिकार भएको बताए।

खिलराज रेग्मी प्रधानन्यायाधीशकै पदमा कायम भई मन्त्रिपरिषद्को अध्यक्ष भएपछि कायममुकायम प्रधानन्यायाधीशको प्रचलन सुरु भएको र प्रधानन्यायाधीश रेग्मीको अनुपस्थितिमा तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दामोदर शर्माले संवैधानिक परिषद्को कामकाज सम्हालेको नजिरका आधारमा आफू सुनुवाइ सुरु हुने दिन र फैसला आउने दिन बिदामा बस्न तयार भएको जबराले सुनाए। संविधानले प्रधानन्यायाधीशविना संवैधानिक इजलास परिकल्पना नगरेको भन्दै निवेदन परेपछि टंक मोक्तानसम्म संवैधानिक इजलासमा भएकाले हरि फुँयालको इजलासमा परेको दाबी गरे।

स्वतन्त्र न्यायाधीश (हरि फुँयाल)को आदेशमा प्रधानन्यायाधीशको दबाब र प्रभावमा परेर भनी मुछेर आरोप लगाउनु आपत्तिजनक भएको उनको भनाइ थियो। प्रधानन्यायाधीशको निर्देशनमा गरेको भन्ने लागेमा फुँयाललाई बोलाएर स्पष्ट हुन चुनौती दिए। यो न्यायाधीशलाई टिकी र बसिखान नदिने, न्यायालयलाई ध्वंस पार्ने गरी आरोप आएको उनको गुनासो छ। यो आरोपमा न्यायपालिकालाई भंग गर्न सकियो भने आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ भन्ने राजनीतिक तत्वको स्वार्थ रहेको जबराले टिप्पणी गरे।

जबराको जवाफकै बीचमा समिति सदस्य विष्णु पौडेलले बिदा माग्ने र बस्ने कुन कानुनमा रहेको, कुन न्यायाधीशले बिदा बस्न भनेको र न्यायाधीशले भनेर बिदा बस्नु मिलेमतो होइन भनी प्रश्न गरेका थिए। तर, सभापति विष्टले पूरक प्रश्न अन्तिममा गर्ने भन्दै जबरालाई संसदीय सुनुवाइमा गरेको प्रतिबद्धताविपरीत न्यायाधीशको पदपूर्ति र उचित समयभित्र मुद्दाको फर्स्योट गर्न असक्षम र न्यायमा अवरोध गरेको आरोपको तेह्रौँ प्रश्न सोधेका थिए।

↑

जबराले १८ पुस ०७५ मा आफ्नो नियुक्ति भएको र सुनुवाइको शीघ्र न्याय, भ्रष्टाचार, अनियमितता उन्मूलनको विषयलाई प्राथमिकताका साथ प्रतिबद्धता जनाएको स्मरण गराउँदै २२ हजारको हाराहारीमा भएको मुद्दालाई न्यायाधीशलाई अतिरिक्त सुविधाको व्यवस्था सरकारबाट गराएर दोब्बर इजलास तोकी बढी काम गराएको र १६ हजारमा झारेको बताए। ‘सानातिना, एकल इजलासका, दोहोर्‍याइपाऊँका, अनुमति पाऊँका मुद्दा, बन्दीप्रत्यक्षीकरणलगायत निवेदन साढे १० देखि साढे ११ सम्म पहिलो इजलासमा र त्यसपछाडि मुद्दालाई दोस्रो इजलासमा कायम हुने गरेका थिए। त्यसबाट मुद्दा फस्र्योट भएर १६ हजारमा आएको थियो। तत्पश्चात् कोभिड सुरु भएर नौ महिना काम गर्न पाएनौँ। त्यसपछाडि केही मुद्दा फस्र्योट भए। फेरि कोभिड आयो। बीचमा दुइटा विघटनको मुद्दामा पाँचजनाले समय दिनुपर्‍यो,’ उनले भने।

आफ्नो कार्यकालमा जिल्लादेखि सर्वोच्चसम्म कुनै पनि अदालतमा मुद्दामा भ्रष्टाचार र अनियमितताको प्रश्न नउठेको जबराले दाबी गरे। न्यायाधीश नियुक्तिमा ढिलो नभएको दाबी गर्दै न्यायपरिषद्को बुलेटिन हेर्न चुनौती दिए। कहिलेकाहीँ परिस्थितिले, राजनीतिक भागबन्डाको चाहनाले, पार्टीले आफ्नो लेटरप्याडमा पठाएको सिफारिसले योग्य व्यक्ति चयनमा ढिलो हुने गरेको उनले सुनाए।

संवैधानिक परिषद्को सदस्यको रूपमा कार्यपालिकासँग हिस्सा लिई परिवारका सदस्य तथा निकटका व्यक्तिलाई नियुक्तिको सिफारिस गरेर पदको दुरुपयोग गरेको भन्ने चौधौँ आरोपमा जबराले संविधानको पालना गर्ने भनेर खाएको शपथमा आँच आउने गरी गैरकानुनी, गैरसंवैधानिक काम आफूले नगरेको जवाफ दिए। कांग्रेस र माओवादीले निर्णय नै गरेर संवैधानिक नियुक्तिमा अनुपस्थित हुन विज्ञप्ति निकालेको भन्दै जबराले संविधानको शपथ खाएकाले आफूले संवैधानिक परिषद् सदस्य पदको दायित्व पूरा गरेको जिकिर गरे। कांग्रेस र माओवादीको अनुपस्थित हुनुपर्ने इसारामा आफू दायित्व र कर्तव्यबाट च्युत नभएको उनको जवाफ थियो।

↑

प्रधानन्यायाधीश कसैको आदेशपालक नभएको भन्दै जबराले नियुक्तिबाट योग्य व्यक्ति ल्याउँदा पनि त्यसमा प्रधानन्यायाधीशलाई टाँसेर आरोप लगाउनु अनुचित भएको बताए। प्रधानमन्त्रीले योग्यता हेरेर नाम प्रस्तुत गर्ने परिषद्मा परिवारका सदस्य नियुक्त गरेको भन्ने आरोप बुझपचाएर लगाइएको उनको तर्क थियो। 'प्रधानन्यायाधीश संविधानबमोजिम आफ्नो कर्तव्य निर्वाह गरेर संवैधानिक परिषद्मा उपस्थित नहुनु अपराध हो ? प्रधानन्यायाधीश राजनीति गर्ने पद हो र ? फलानो पार्टीले नजानु भनेको छ, त्यसैले म आउँदिनँ भन्नुपर्ने ? यही हो विधि र प्रक्रिया ?' उनले प्रश्न गरे, 'यदि अविश्वास छ भने संवैधानिक परिषद्बाट प्रधानन्यायाधीश पद हटाइदिए भइहाल्यो नि !'

न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन कार्यान्वयनमा आलटाल गरी पदीय मर्यादाविपरीत कार्य गरेको पन्ध्रौँ आरोपमा जबराले अन्य प्रधानन्यायाधीशको पालामा गठन समितिको प्रतिवेदन नै सार्वजनिक नभएर दराजमा थन्किरहेको अवस्थामा आफूले सार्वजनिक गरेर कार्यान्वयनको प्रक्रियामा लगेको दाबी गरे। सार्वजनिक गर्दा सबैलाई अप्ठ्यारो परेको र बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले 'सार्वजनिक नगरिदिएको भए हुन्थ्यो, बारमा मात्र पठाइएको भए हुन्थ्यो, समस्या भयो' भनेको दाबी गरे। न्यायपालिका स्वच्छ र सफा गर्न यसलाई सार्वजनिक गरेको जवाफ आफूले दिएको उनले बताए।

प्रतिवेदन कार्यान्वयन गर्ने र स्वागत गर्ने फरक भएको उनको भनाइ छ। आफूले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए पनि यो नै ठीक छ भन्ने आफ्नो धारणा नरहेको उनले प्रस्ट्याए। १४ साउन ०७८ मा प्रतिवेदन दिएको र १७ गते नै उच्च अदालत इजलास, सार्वजनिक इजलास, जिल्ला अदालतमा मंसिरमा गोलाप्रथामा जाने, त्यसपछि अटोमेसनमा जाने तय भएको बताए। तत्कालै २४ साउनमा फुलकोर्ट राखेर गोलाप्रथाका लागि नियमावलीदेखि प्राविधिक रूपमा मिलाउन मीरा खड्काको संयोजकत्वमा आनन्दमोहन भट्टराईसहित न्यायाधीशहरूलाई जिम्मेवारी दिएको बताए।

१७ भदौबाट गोलाप्रथा कार्यान्वयन गर्ने गरी प्रतिवेदन मागेपछि १ असोजमा दिएको र बीचमा दसैँ परेको तथा विवाद हुँदाहुँदै कात्तिकबाट गोलाप्रथामा गएको उनले बताए। 'कहाँ मैले ढिला गरेँ ?' उनले प्रश्न गरे, 'मुख्य न्यायाधीशहरूको सम्मेलनमा मैले संयोजक हरिकृष्ण कार्कीको उपस्थितिमा

गोलप्रथाले मुद्दाको निश्चित हुँदैन। हेर्न मिल्ने–नमिल्ने न्यायाधीश पर्छन्। पुराना मुद्दाहरू हेर्नै नमिल्ने न्यायाधीशमा पर्‍यो भने न्यायपालिकामाथि औंला ठड्याउँछन्। तारेख लिने वेलामा झगडा गर्छन्। विषयको ज्ञान भएका विशेष न्यायाधीशले केही विशेष मुद्दा शीघ्र हेर्नुपर्ने, राजनीतिक र सामाजिक प्रकृतिका मुद्दा प्रधानन्यायाधीशले नै जिम्मेवारी लिने गरी तोक्नुपर्ने भएकाले गोलाले अनिश्चितता गर्ने र समयमा नहुने भएकाले गोलाप्रथाप्रति मेरो पटक्कै विश्वास छैन। न्यायपालिकाको छविमा आँच आउने भएकाले यसमा पुनर्विचार गर्नुपर्छ भनेको हो।'

आफूले राखेको स्वतन्त्र विचारलाई प्रधानन्यायाधीशले गोलाप्रथा लागू गर्न नमानेको हिसाबले प्रचार गरिएको उनको गुनासो थियो। प्रतिबद्धताअनुसार कार्यान्वयन गरेको, तर संसारमै कहीँ नभएको गोलाप्रथाले निकास नदिने र यसले समस्या आउने भनेर बारलाई पटक–पटक भनेको पनि उल्लेख गरे। प्रधानन्यायाधीशमाथि अविश्वास भए वरिष्ठ न्यायाधीश वा पाँचजना न्यायाधीशले पेसी तोक्न भनेको पनि उनले दाबी गरे। गोलाप्रथाले निकास दिँदैन भन्ने अहिले पुष्टि हुँदै गएको जबराले जिकिर गरे।

मुद्दाको पेसी र न्यायाधीश तोक्दा मनोमानी र अपारदर्शी आधारमा इजलास गठन गरेर मुद्दा तोकेको, खास किसिमका मुद्दाहरू आफ्नो नियन्त्रणमा पर्ने गरी इजलास तोकेर न्यायपालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायाधीशहरूबीचमा गुट–उपगुट सिर्जना गरी आशंका, अन्योल र उदासीनताको वातावरण बनाई न्यायिक कार्य सञ्चालनमा अवरोध पुर्‍याएको सोह्रौँ आरोपमा जबराले संविधान र न्याय प्रशासन ऐनले नै अधिकार प्रधानन्यायाधीशलाई दिएको र कुन विधि प्रयोग गर्ने भन्ने कतै उल्लेख नभएको जवाफ दिए।

अदालतमा हुने बार र बेन्च समन्वय समितिमा बारबाट शम्भु थापा र हरिहर दाहाल सदस्य रहेको र बारले विशेष मुद्दामा स्वार्थ राख्ने गरेको र त्यो पूरा नहुँदा प्रधानन्यायाधीशलाई आरोप लगाउने गरेको जबराले बताए। न्यायाधीशका लागि सबै प्रकृतिका मुद्दा समान लाग्ने र बारलाई नलाग्ने तथा उनीहरूको स्वार्थ हुने जबराको दाबी थियो। जबराले न्यायाधीशमा पनि महत्वाकांक्षा रहेको बताए।

सार्वजनिक महत्वको राजनीतिक, आर्थिक, ठूला करदाताको मुद्दामा आफ्नो ज्ञान र क्षमताले म बस्न पाए भन्ने चाहना स्वाभाविक रहे पनि प्रतिनिधिसभा विघटन मुद्दामा फलानो न्यायाधीश बसे म बस्दिनँ भन्ने महत्वाकांक्षा न्यायाधीशमा देखिएको उनले बताए। प्रधानन्यायाधीशले न्यायाधीशलाई कुन मुद्दा हेर्नुहुन्छ भनेर सोधेर पेसी नतोक्ने उल्लेख गर्दै जबराले सबै न्यायाधीश समान छन् भनेर मुद्दा तोक्ने गरेको बताए।

कुन मुद्दा नहेरिदिओस् भन्ने बार र न्यायाधीशको चाहना आफूले बुझ्न नसकेको भन्दै जबराले कस्तो मुद्दा हेर्न चाहेको आफूलाई भनिदिएको भए सम्बोधन गर्ने उनको भनाइ थियो। जबराले संवैधानिक इजलासमा हामीलाई राख्नुपर्छ भनेर नौजना न्यायाधीश आउँदा आफूले राखेको पनि स्मरण गराए।

हरेक व्यक्तिका लागि हरेक मुद्दा जीवनमरणको सवाल हुने, एक धुर जग्गा पनि व्यक्तिका लागि महत्वपूर्ण हुने भन्दै जबराले कुनै मुद्दा महत्वपूर्ण, कुनै कम महत्वको नहुने जवाफ दिए। न्यायाधीशले सबैलाई उत्तिकै महत्व दिनुपर्ने र अमुक मात्रै हेर्न खोज्दा न्यायपालिकाको गरिमामा आँच आउने उनको भनाइ थियो।

न्यायपरिषद्को अध्यक्षको हैसियतमा सबै तहका अदालतमा मनोमानी ढंगले योग्यता, क्षमता र अनुभव नभएका न्यायाधीश नियुक्ति गरेको, गैरकानुनी नियुक्तिको कानुनी र नैतिक दायित्व पालना नभएको, नियुक्त न्यायाधीशको स्वीकार्यतामा नै प्रश्नचिह्न खडा भएको सत्रौँ आरोपमा जबराले राजनीतिक प्रकृतिको संरचना भएको न्यायपरिषद्बाट सर्वसम्मत वा बहुमतबाट मात्रै नियुक्ति हुने गरेको बताए। राजनीतिक प्रकृतिको संरचना हुँदा नियुक्तिमा प्रश्न उठिरहने उनले सुनाए।

सीधा नियुक्ति भएको र १० वर्ष सेवा अवधि पुगेकाको उच्च अदालत र १५ वर्ष पुगेकाको सर्वोच्चमा चाहना हुने भन्दै जबराले चाहना राख्ने धेरै भएपछि नियुक्तिमा विवाद हुने गरेको दाबी गरे। ०४७ को संविधान निर्माणपछि र ०४८ मा भएका नियुक्तिमा पनि ठूलै विवाद भएको स्मरण गराउँदै जबराले

↑

त्यसपछाडिका प्रत्येक नियुक्तिमा विवाद भएको, कल्याण श्रेष्ठ र सुशीला कार्कीकोमा पनि प्रश्न उठेको भन्दै आफ्नो पालामा उठ्नु अनौठो नभएको बताए। योग्यतामा प्रश्न उठ्ने आरोपमा उनले कुन व्यक्ति अयोग्य हुन् भन्ने प्रश्न गर्दै अयोग्य भए अहिले हटाउन चुनौती दिए।

जेठ ०७१ मा आफू सर्वोच्चमा नियुक्ति भएर आएको स्मरण गर्दै जबराले आठजना वरिष्ठ अधिवक्ताले अदालतका १० वटा इजलास कब्जा गरेको र उनीहरूलाई अहिले ठालु वरिष्ठ भन्ने गरिएको सुनाए। १० वटा इजलास भए पनि न्यायाधीशलाई कुराएर पालैपालो बहस गर्न आउने, कुनै महिला कानुन व्यवसायीले बहस गर्न नपाउने, अन्य युवा अधिवक्ताले बहस गर्न नपाउने अवस्था रहँदा मौलाएको बिचौलिया र भ्रष्टचार नष्ट गर्न खोज्दा केही वरिष्ठ अधिवक्ताले अदालत परिसरकै चियापसलमा गाली गरेर बसेको सुनाए।

आफूले यस्तो कदम चाल्दा सारा महिला र युवा अधिवक्ताहरूले अवसर पाएको र अदालतलाई ओगटेर, डोमिनेन्ट गरेर बसेका ठालु सात–आठजनाको गिरोह समाप्त भएको र अहिले त्यही गिरोह आफूविरुद्ध लागेको जबराले दाबी गरे। त्यसको नेतृत्व 'क्विन्टल'को कुरा गर्ने वरिष्ठ अधिवक्ता रमन श्रेष्ठले गरेको जबराको आरोप छ। 'उहाँहरू नै हो ठालु, एकले अर्कोलाई मुद्दा ओगट्ने र राख्ने, सर्वोच्चमा गिरोह चलाउनेजस्तो गरेर सात–आठजनाले ओगटेर राख्नुभएको थियो। त्यसलाई मैले तोडिदिएँ। अहिले त्यही गिरोह आएको छ। महाभियोग अग्रसरता पनि उनीहरूले नै लिए। महान्यायाधिवक्ता हुँदा पनि रमनजीले लिनुभएको थियो। आज पनि उहाँहरूकै छ। उहाँको हरेक चिज हेर्दा र खोज्दा हुन्छ। यो आरोप उहाँहरूको कुण्ठा हो। सर्वोच्च अदालतमा भूमिका खेल्न पाएन, न्यायाधीश नियुक्तिमा भूमिका खेल्न पाएन, मुद्दामा चलखेल गर्न पाएन अनि आरोप लगाउनुभयो। उहाँहरू त ग्रुपमा बस्नुहुन्थ्यो। यो मैले तोडिदिएकाले आयो,' उनले भने।

आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्ति एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीलाई बिचौलियाको रूपमा संलग्न गराई भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गरेको र सम्पत्ति शुद्धीकरणमा उजुरी परेकाले छानबिन गर्न महाभियोग चल्नुपर्ने अठारौँ प्रश्नमा जबराले डा. सुरेन्द्र केसी र ओमप्रकाश अर्यालले उजुरी दिएको र अर्यालको चरित्र एकदमै

गम्भीर भएको भन्दै नोट गर्न आग्रह गरेका थिए। 'उहाँलाई काठमाडौंको मेयर बालेनजीले कानुनी सल्लाहकारमा नियुक्त गरेको पत्रिकामा मैले पढेँ। बारको अध्यक्ष चण्डेश्वरजीले न्यायाधीशमा दुईपटक प्रस्ताव गरेकी पुनदेवी महर्जन हुनुहुन्थ्यो। मैले दुईपटक इन्कार गरेँ। पुनदेवी महर्जन ओमप्रकाशजीको अर्धांगिनी हो। त्यसकारण यसलाई नेतृत्व गरेर उहाँ सम्पत्ति शुद्धीकरणसम्म जानुभयो। सम्पत्ति शुद्धीकरणले यो निरर्थक हो भनेर निर्णय नै गरिसकेको छ,' उनले भने।

परिवारबाट आफू १५ वर्षअघि नै छुट्टिसकेको, ०५३ सालदेखि न्यायाधीश नियुक्त भएर काम गरेको भन्दै जबराले अधिकांश समय बाहिरै बसेको र ०६२ सालमा आएर विशेष अदालतमा ०६५ सम्म बसेको सुनाए। उनले भने, '०५९ सालमा बुबा र दाजुभाइसँग अंशबन्डा भएको, घर कालिकास्थानमा भएको, ०६५ सालमा बिक्री गरेर नारायणस्थान, बुढानीलकण्ठ हुँदै सुकेधारा बस्दै आएको छु। परिवारका दाजुभाइसँग छुट्टिएको ०५९ सालमै हो।'

न्यायाधीशलाई प्रधानन्यायाधीशको निर्देशन मानेर गैरकानुनी, संविधानविपरीत, आचरणविपरीत कार्य नगर्न निर्देशन दिने गरेको भन्दै जबराले फागुनअगाडिको आफ्नो कार्यकालको अडिट गरेर भ्रष्टाचार र अनियमितता भएको भए बाहिर ल्याउन चुनौती दिए। उनले अहिलेको कार्यकाल र आफूभन्दा अगाडिको कार्यकालसँग तुलना गरेर हेर्न पनि आग्रह गरे। न्यायालयलाई खरिद गर्ने समूहलाई स्थान नदिएको कारण भेटघाट नदिएकाले आफूविरुद्ध षड्यन्त्र भएको जबराको दाबी छ।

जहिले पनि वृहस्पति एक्लो हुने उनको भनाइ छ। कुनै व्यापारीले भेटेको, पत्रकारले भेटेको, वकिल र न्यायाधीशले छुट्टै चिया खाएको देखाउन उनले चुनौती दिए। एकजना कर्मचारी, कानुन व्यवसायी, सेवाग्राहीले चोलेन्द्रले दुःख दिएको, भ्रष्टाचार गरेको, लेनदेन गरेको भन्यो भने आजैदेखि कानमा धागो बाँधेर पद छोडेर जाने जबराले घोषणा गरे। तर, मुद्दामा चलखेल गर्ने वरिष्ठ वकिलहरूले पत्रिकामा, टिभीमा फ्रन्ट लाइनमा बसेर हामी न्यायाधीशलाई घुस खुवाउँछौँ, घुस खान्छन् भन्ने वकिल संलग्न भएर आरोप लगाइएको उनको आरोप छ।

↑

जबराले आफूमाथि लागेको अभियोगमा सञ्चारमाध्यममाथि पनि आक्रोश पोखे। 'पत्रपत्रिका, सम्पादक, मालिकलाई मैले प्रधानन्यायाधीश भएपछि सबै कुरा गर्नुस्, हाम्रो धैर्यता र सहनशीलतालाई कम नआँक्नुस् भनेर थ्रेट गरेको थिएँ। अदालतले एउटा सीमासम्म धैर्यता गर्छ, अदालतलाई बढ्ता चिढ्याउने, ध्वस्त गर्ने काम सैह्य हुनेछैन भनेर चेतावनी दिएको थिएँ। प्रधानन्यायाधीशविरुद्ध सम्पत्ति शुद्धीकरणमा जानुपर्छ भनेर उजुरी हाल्ने, तर जति पनि ठूला पत्रकारिता सञ्चालन गरिरहनुभएको छ, के उहाँहरू मुद्दामा संलग्न हुनुहुन्न ? के दलालीमा संलग्न हुनुहुन्न ? के थाहा छैन कसैलाई ? ती वकिलहरूले कुन हिसाबले सम्पत्ति आर्जन गरिरहेका छन् ?' जबराले भने, 'तिनका हकमा सम्पत्ति शुद्धीकरणमा परेको मुद्दामा कारबाही हुनुपर्दैन। प्रधानन्यायाधीशलाई चाहिँ सम्पत्ति शुद्धीकरणमा जाओस् भन्ने। प्रधानन्यायाधीशलाई बदनाम गरायो भने, घेराउ हाल्यो भने राजीनामा देला कि भने। तर, विधि र प्रक्रियाबाट आएको म त्यसैबाट जान्छु भनेँ।'

जबराले राजनीतिक नेतृत्वले पनि आफ्नो राजीनामा मागेको दाबी गरे। 'राजीनामाका लागि त एक–डेढ महिना तपाईं चलाउनुस्, त्यसपछि दीपकलाई छोडिदिनुस् भनेर राजनीतिक दलका शीर्ष नेताले भनेका छन्। कांग्रेसकी डिना उपाध्यायलाई सोधे हुन्छ। उहाँ प्रस्ताव लिएर मकहाँ आउनुभएको थियो,' जबराले भने, 'प्रचण्डजी र देउवासँग सल्लाह गरेर आएकी हुँ, यो सबै हामी फिर्ता लिन्छौँ, तपाईंले मिलाएर राजीनामा दिए हुन्थ्यो भन्नुभयो। उहाँले मेरै क्वार्टरमा आएर भनेको हो। माओवादी अध्यक्ष प्रचण्डजी र सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासँग सल्लाह गरेर तपाइंकहाँ आएकी भनेर उहाँले भन्नुभएको थियो।

कोभिड संक्रमित भई अस्पताल भर्ना भएको अवधिमा बिदा नबसी प्रचलित कोभिडसम्बन्धी कानुनको उल्लंघन गरी सर्वोच्च अदालतलाई जानी–जानी नेतृत्वविहीन बनाई संविधानको ठाडो उल्लंघन गरेको १९औँ आरोपमा जबराले प्रधानन्यायाधीश अनिवार्य बिदामा बस्नुपर्ने व्यवस्था नभएको बताए। उनले गोलाप्रथाबाट पेसी तोक्न थालिसकेपछि बिदा लिनु–नलिनुको कुनै अर्थ नभएको तथा राज्यले नै ठूलो षड्यन्त्र गरेको र आफूले प्रतिकार गरेर जनताको अदालतमा उपस्थित भएको दाबी ग

उनले महाभियोग पास हुन्छ र पदमुक्त हुन्छु भन्ने कुरामा आफूलाई पटक्कै विश्वास नभएको सुनाए। निमोनिया भएर सशस्त्र अस्पतालमा हुँदा न्यायाधीश हरिकृष्ण कार्कीले फोन गरेर बिदा लिन भनेको तथा थप षड्यन्त्र हुने र अदालतलाई अर्कै दिशामा लैजान खोजेकाले आफूले बिदा नलिएको उनको दाबी छ।

बिदा नलिएपछि सत्तागठबन्धनले बिदा लिन आग्रह गर्ने निर्णय गरेको र सञ्चारमन्त्रीले पढेर सुनाउनु दुःखद रहेको उनको भनाइ थियो। 'प्रधानन्यायाधीशप्रति गठबन्धनको अविश्वास देखिएको, अदालतबाट झिकेर राख्न षड्यन्त्र गरेको, त्यो षड्यन्त्रमा सर्वोच्च अदालतका न्यायाधीश फसे, बारलाई परिचालन गरियो,' उनले भने।

न्यायपालिका ध्वस्त पार्ने राजनीतिक मनोकांक्षा कलुषित भावनालाई नष्ट गर्न राजीनामा नदिएर महाभियोगको सामना गरिरहेको उनको भनाइ छ। 'मेरो पदावधि २७ मंसिरसम्म रहुन्जेल म कुनै हालतमा यो राजनीतिक मनोकांक्षालाई पूरा हुन दिन्नँ,' उनले भने।

सबै न्यायाधीशले नस्विकार्ने र हाजिर गरेर फर्किने अवस्थाबाट नेतृत्व गर्न असम्भव गएको २०औँ प्रश्नमा जबराले गोलाप्रथामा गइसकेपछि आफू इजलासमा नबसेको स्वीकार गरे। ठालु न्यायाधीश र वकिलको दबाब र प्रभावमा यो परिस्थिति सिर्जना गरिएको उनको जिकिर छ। आफ्नो निवासमा, क्वार्टरमा नजान भन्दै जबराको नजिक पनि परे कारबाही गर्ने धम्की ठालु न्यायाधीशहरू हरिकृष्ण कार्की, प्रकाशमान राउत, दीपक कार्की, मिरा खड्का र आनन्दमोहनले दिएर, बारका ठालु वकिलले रातभर न्यायाधीशहरूलाई डरत्रासमा देखाएको उनको आरोप छ। 'सबै न्यायाधीशलाई राजनीतिक रूपमा धम्की दिएर बारका पदाधिकारी, ठालु न्यायाधीश र वकिलहरूले धम्क्याएकाले बस्न सक्नुभएन। अति भएपछि बाँकी रहेका १२–१३ न्यायाधीशले उहाँहरूको विरोध नै गर्नुभयो। गुटबन्दीको आरोप महाभियोगमा सुशीलाजीलाई पनि लाग्यो। मलाई पनि लगाइयो। भनसुनमा चल्ने म होइन,' उनले भने। जबराले न्यायाधीशहरूलाई बोलाएर बुझ्न समितिलाई चुनौती दिए।

↑

न्यायपरिषद् एवं न्याय सेवा आयोगको बैठक राख्न नसकेर न्यायाधीश एवं न्याय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवालगायत वृत्ति विकासको अनिवार्य कार्य अवरुद्ध हुने अवस्थामा पुऱ्याएको, अदालतको पूर्ण बैठक बसाउन नसक्ने लज्जास्पद अवस्था खडा गरेको, उच्च विशेष अदालतका न्यायाधीशलाई काजसरुवा गरी पदको दुरुपयोग गरेको आरोपसम्बन्धी २१औँ प्रश्नमा जबराले लोकसेवालाई नियुक्तिका लागि सिफारिस हुने, कर्मचारी काजबाट जाने बताए। कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले परिषद् बैठक नराख्न आग्रह गरेको, नयाँ कानुनमन्त्री दिलेन्द्र बडू आएपछि बैठक बोलाउँदा उपस्थित नभएको, कोरम नपुगेर स्थगित भएको उल्लेख गर्दै सदस्यहरू नै संविधानले तोकेको जिम्मेवारीप्रति जिम्मेवार नभएपछि त्यसको दायित्व प्रधानन्यायाधीशले वहन नगर्ने स्पष्ट पारे। बैठक बस्ने प्रक्रिया झन्झटिलो बनाउँदा राज्यका अंग फेलियर बन्ने चेतावनी उनले दिए।

जनताका निमित्त अन्धकार र बिचौलियाका निमित्त सुरक्षित स्वर्गका रूपमा न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हर्कतबाट न्यायपालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको २२औँ प्रश्नमा जबराले नियुक्त हुनेबित्तिकै बार र कानुन व्यवसायीले प्रधानन्यायाधीशबाट सहयोगको अपेक्षा राख्ने र नगरे देखाइदिन्छौँ भन्ने गरेको आफ्नो अनुभव रहेको सुनाए। ०४७ पछि अदालतमा बार हाबी भएको उनले बताए। प्रधानन्यायाधीश आउँदा बारले स्वागत कार्यक्रम धम्क्याउने कार्य न्यायाधीश नियुक्तिमा सरोकार राखेर, आफूअनुकूल सरुवा र मुद्दामा स्वार्थले हुने गरेको बताए। यी कुरामा प्रधानन्यायाधीशले सम्झौता गर्दा पनि बारले जाने वेलामा फूलको गुच्छा दिएर बिदाइ नगरेको आफूले नदेखेको भन्दै जबराले यो कुरा आफूले नमानेकाले सबै आरोप लगाएर विरुद्धमा लागेको बताए।

पूर्वन्यायाधीश, नागरिक समाज, नेपाल बार एसोसिएसन एवं सर्वोच्च अदालत बार एसोसिएसनसमेतबाट प्रधानन्यायाधीशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको र उल्लेखित बार एसोसिएसनले प्रधानन्यायाधीशको सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन धर्ना, जुलुस, सभा, सम्मेलनसमेतका विभिन्न कार्यक्रम गर्दै आएको र सिंगो न्यायिक प्रणाली अब ↑ ;को

स्थितिमा रही संवैधानिक प्रणाली सुसञ्चालन हुनमा बाधा उत्पन्न भइरहेकाले तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्वारा पदमुक्ति अति आवश्यक भन्ने आरोपसम्बन्धी २३औँ प्रश्नमा जबराले पूर्वन्यायाधीश समाजलाई मन्डलेको संज्ञा दिए। अध्यक्ष टोपबहादुर सिंह मन्डले भएको उनको आरोप थियो। उपाध्यक्ष ओझा अर्को मन्डले भएको, घनघोर मन्डले शम्भु खड्का भएको जबराले उल्लेख गरे। न्यायाधीश बस्दा पनि मन्डले समाज भनेर भन्ने गरेको र यसको विरोध स्वाभाविक भएको उल्लेख गरे। पूर्व भएपछि पूर्वमै बस्नुपर्ने र मध्यमा बस्न खोजेपछि समस्या हुने उनको भनाइ छ। पूर्व भए पनि न्यायाधीश नै ठान्ने प्रवृत्ति रहेको र संविधानले केही गर्न नदिएपछि न्यायपालिकामा स्वार्थ राख्ने गरेको जबराले आरोप लगाए। आफ्नो क्षेत्रबाहिर गएर माग राख्ने, न्यायपालिकामा सिदा खोज्ने काम गरिरहेको उनको आरोप छ।

यसैगरी वीरगन्ज महानगरपालिकाको तीन बिघा सात कट्ठा सार्वजनिक जग्गामा रहेको पोखरीमा जिल्ला र उच्चले गरेको फैसला उल्टयाउँदै आफन्तको नाममा आउने गरी फैसला गरेको चौबिसौँ प्रश्नको आरोपका विषयमा पनि जबराले जवाफ दिएका छन्। 'यो जग्गा प्रमोदविक्रमको नाममा पुर्जा भएको जग्गा हो। तर, त्यहाँ एउटा जग्गा छ कम्पाउन्डभित्रैको। तत्कालीन नगर पञ्चायतले उहाँविरुद्ध मुद्दा गर्‍यो। त्यो मुद्दा जिल्ला चल्यो, हेटौँडा चल्यो अनि सर्वोच्च चल्यो। अनि सर्वोच्चको फुलबेन्चमा पनि चल्यो। दोस्रोचोटि फेरि आयो यो मुद्दा। मैले फैसला के गरेँ भने नगरपालिकाले जुन उजुर गरेको थियो त्यही प्रमाणको आधारमा गरेँ,' उनले भने।

## सर्वोच्चको भवन निर्माणमा अनियमितता : हरिकृष्ण कार्कीको नेतृत्वमा टेन्डर आह्वान गरिएको दाबी, दीपक कार्कीको प्रधानन्यायाधीश बन्ने लालसाले विषय उठाइयो

सर्वोच्च भवन टेन्डर र निर्माणका क्रममा भएको अनियमितता आरोपको पच्चिसौँ नम्बरको प्रश्नमा जबराले टेन्डर आह्वानलगायतका कार्य हालका वरिष्ठतम न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा गरिएको दाबी गरेका छन्। उनले तत्कालीन प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेलले भवन निर्माणमा बजेट छुट्याएका कारण धन्यवाद ज्ञापन गरे।

↑

'टेन्डरको कुरा गर्दाचाहिँ हरिकृष्ण कार्कीजी अदालत व्यवस्थापनको संयोजक हुनुहुन्थ्यो। उहाँले गर्नुभएको हो टेन्डरको सबै काम। यसमा मेरो कहीँ भूमिका छैन। तर, यसको मतलब मैले यो भनिनँ अनियमितता भएको छ। यसमा चाहिँ जिम्मेवारी अरू–अरूको हो,' उनले भने।

उनले अनियमितता नभएको भन्दै टेन्डर परेको संख्या र छनोट गरेको कम्पनीका कागजात हेर्न आग्रह गरे। हाल टेन्डर पारेको कम्पनी कुनै हिसाबले अयोग्य नरहेको उनको भनाइ थियो। उनले आफूले सार्वजनिक खरिद ऐन र आर्थिक कार्यविधिअनुसार काम गरेको दाबी गरे। उनले ३ फागुन ०७७ मा प्राप्त पत्रअनुसार कार्यालय प्रमुखका नाममा रहेको पत्रमा हस्ताक्षर गरी सदर गरेको बताए। 'यसमा चाहिँ कार्यालय प्रमुख नै भनिएकाले हो। प्रशासकीय प्रमुख भनेको भए रजिस्ट्रारले नै गर्थ्यो। कार्यालय प्रमुख भनेकाले, पेस भएकाले चाहिँ मैले सदर भनेर गरेको छु,' उनले भनेका छन्। उनले ऐन–कानुनमा कतै त्रुटि नभएको दाबी गरे।

उनले आफूलाई आरोप लगाउन मात्र यो विषय ल्याइएको बताए। तसर्थ यो आरोपलाई प्रमाणका रूपमा ग्रहण गर्न नमिल्ने उनको दाबी छ। महालेखापरीक्षकको ५९औँ प्रतिवेदनमा टेन्डर आह्वानका क्रममा अनियमितता भएको उल्लेख छ। बोलपत्र आह्वान गर्ने वेला जबरा प्रधानन्यायाधीश थिए भने सम्पूर्ण कागजी प्रक्रिया भने हाल बिदामा रहेका मुख्य रजिस्ट्रार लालबहादुर कुँवरको जिम्मामा थियो। सर्वोच्चको नयाँ भवन निर्माणका लागि १९ चैत ०७७ मा संयुक्त उपक्रमलाई ठेक्का लगाइएपछि यसविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेको थियो।

यसमा सार्वजनिक खरिद ऐनका विभिन्न प्रावधान मिचिएको, एक अर्बभन्दा बढीको ठेक्का प्रकाशित गर्दा ३० दिनको मात्र समय दिएको, चार अर्बमा निर्माण हुन सक्ने भनी सर्वोच्चकै समितिले दिएको प्रतिवेदन लुकाई पाँच अर्बको लागत प्रस्ताव स्वीकृत गरेको, पाँच अर्बभन्दा बढी लागत अनुमान हुँदा ठेक्काका लागि सीधै अन्तर्राष्ट्रिय बोलपत्रमा जानुपर्नेमा ज्वाइन्ट भेन्चर कम्पनीलाई जिम्मा दिइएकोजस्ता विविध व्यवस्था मिचेर निश्चित कम्पनीलाई छानिएको आरोपसहित अख्तियारमा छानबिनका लागि उजुरी परेको थियो।

↑

नगरपालिकाले उजुर गर्दा नगरपालिकाले भाडामा लगाएको, सार्वजनिक उपयोगमा आएको प्रमाण पेस गरेको थियो। त्यही आधारमा यो मुद्दा फेरि सुरु भएको र जिल्ला तथा उच्चले मुद्दा हराएको बताए। उनले आधारबारे भने, 'एउटा आधार यो मुद्दा हिजो नै सम्बन्धित नगर पञ्चायतबाट जसलाई यो सार्वजनिक जग्गा संरक्षण गर्ने दायित्व र अधिकार छ, उसैले मुद्दा गरेर सर्वोच्चबाट अन्तिम भएर फैसला भइसकेको छ। दोस्रो यो फिरादीले नयाँ प्रमाण नल्याएर त्यहस् नगरपञ्चायतले चलाएको फिरादका प्रमाण ल्याएको छ। त्यो त परीक्षण भइसकेको प्रमाण हो नि। त्यसैले यो सार्वजनिक कायम हुन सक्दैन भनेर मैले गरेको हो।'

आफूले यस विषयमा गरेको यो दोस्रो फैसला रहेको र वादीहरूले थप नयाँ प्रमाण ल्याए पुनः यो मुद्दा सर्वोच्च प्रवेश गर्न सक्ने उनको भनाइ थियो। उनले जग्गा शाहकै रहेको, तर सार्वजनिक उपयोग भएकै भरमा त्यसलाई सार्वजनिक भन्न नमिल्ने बताए।
'फेरि एउटा सार्वजनिक सम्पत्तिको विषयको हकमा अदालतको एउटा निश्चित आधार छ, सिद्धान्त छ। कुनै पनि सार्वजनिक जग्गा त्यसमा मालपोत ऐनको ३४ को

२४ मा पनि व्यवस्था छ, कुनै पनि स्रेस्ताबाट प्रमाण र कागजहरूबाट सार्वजनिक देखिन्छ भनेचाहिँ त्यो सार्वजनिक हुन्छ,' उनले थपे, 'अदालतको नजरमा सबै समान हुन्छ। त्यसकारणले गर्दा त्यही आधार र कारणले फैसला गरेको हो। यो नाताभित्रको भनेर लाइदिएको छ। यो मेरो परिवारको व्यक्ति नै होइन।'

काठमाडौं जिल्ला अदालतमा व्यवसायी इच्छाराज तामाङको मुद्दा चलिरहेकोमा धरौटीमा रिहा गर्न कानुन व्यवसायी रुद्र पोखरेल र न्यायाधीश राजकुमार कोइरालाबीच संवाद हुँदा प्रधानन्यायाधीशको पनि नाम मुछिएको २६औँ प्रश्नमा जबराले आफूले न्यायाधीश नचिन्ने बताए।

'म रुद्रप्रसाद पोखरेलज्यूलाई बारको तत्कालीन कोषाध्यक्षका रूपमा चिन्छु। उहाँहरू समूहगत आउने हो, उहाँसँग मेरो व्यक्तिगत भेटघाट पनि छैन,' आफूले न्यायाधीश बनेपछि कहिल्यै कुनै कानुन व्यवसायीलाई एक्लै नभेटेको बताउँदै उनले थपे, 'उहाँहरू समूहमा आएकोबाहेक, सर्वोच्च अद ↑ ।को

विषयमा छलफल गर्न आएकोबाहेक मैले भेटेको छैन।'

उनले अधिवक्ता पोखरेल र न्यायाधीश कोइरालाबीचको संवाद सुनेको बताए। यसको आवाज दुवैको हो–होइन छुट्याउने कुरा आफ्नो नभएको बताउँदै जबराले आफूले भनेको वा नभनेको सम्बन्धित न्यायाधीशबाट बुझ्न आग्रह गरे।

'सम्बन्धित न्यायाधीश कारबाहीमा छ। उसलाई प्रधानन्यायाधीशले भन्यो कि भनेन भनेर भन्यो होला नि ! उहाँले तत्कालै नाम के हो, अर्जुन ? म त चिन्दा पनि चिन्दिनँ। उहाँ आफैँले भन्नुभो, बार, अरू सबैले भनेका थिए, तर प्रधानन्यायाधीश चोलेन्द्रले कहिले पनि मलाई मुद्दामा भन्या छैन भने,' उनले एक अनलाइनमा सम्बन्धित न्यायाधीशले भनेको कुरा उद्धृत गर्दै समितिलाई भने।

प्रधानन्यायाधीशको नाम दुरुपयोग भयो भन्दैमा दोष आफूलाई दिन नमिल्ने उनको भनाइ थियो। 'प्रधानन्यायाधीशको नाम त एबिसिडी जसले पनि लिन्छ। प्रधानन्यायाधीश त सेलेब्रिटी हो नि। सँगै फोटो खिच्या छ भने पनि बेच्छ। स्वाभाविक हो, त्यो प्रमाणै होइन,' उनले थपे।
तत्कालीन अधिराजकुमारी प्रेरणाराज्यलक्ष्मी शाहको दाइजो मुद्दामा आफूले पुनरावलोकनको अनुमति दिएको विषयसम्बन्धी २९औँ प्रश्नमा जबराले कानुनको कमजोरी औँल्याएका छन्। सर्वोच्चबाट फैसला भई र पुनरावलोकनमा गइसकेको मुद्दामा समेत जबराले फेरि पुनरावलोकनका लागि निस्सा दिएका थिए। उनले आफूहरूले प्रमाण र कानुनको मिहीन अध्ययन गरेर निस्सा दिएको दाबी गरे।

'यो सम्बन्धित जग्गा भनेको श्री ५ को होइन। तत्कालीन राजा वीरेन्द्रलाई कोही नातेदारबाट अपुतालीमा प्राप्त भएको जग्गा हो। अब यो भइसकेपछाडि राज्यको लगानी होइन। सरकारले यसलाई खरिद गरेर राजाको नाममा राखिदिएको, त्यहाँ बनेको घरहरूजस्तो होइन,' उनको भनाइ छ, 'यो नितान्त व्यक्तिगत अपुताली र व्यक्तिगत सम्पत्ति हो। त्यो सम्पत्तिमा वीरेन्द्रको स्वर्गारोहणपछि ज्ञानेन्द्रको नाममा र उताबाट दाइजोका रूपमा प्रेरणालाई दिइएको हो। पास गर्न मात्र बाँकी रहेको यो जग्गा हो।'

↑

राजाको व्यक्तिगत र सार्वजनिक गरी दुई किसिमको सम्पत्ति हुनेमा यो व्यक्तिगत रहेकाले पुनरावलोकन अनुमति दिएको उनको भनाइ थियो। 'त्यो ऐन बन्यो, दुर्भाग्यपूर्ण भन्नुपर्छ,' उनले भने, 'ऐन बन्दा वीरेन्द्रको स्वर्गारोहण हुनुअघिको सबै सम्पत्ति भनिदियो। त्यो ऐनको त्यसरी व्याख्या गरिदियो भने त हिजो राजाले जति पनि पदाधिकारीलाई दिएको छ, अहिले हंसमानजीले पनि धेरै जग्गा लिनुभएको छ, त्यो त सबै अहिले पनि खोजेर सार्वजनिक गरिदिए भइहाल्यो। त्यही अर्थमा लाग्ने हो भने। तर, त्यो होइन। कानुनको अर्थ, संविधानको अर्थ त्यस्तो तरिकाले व्याख्या गरेर हुँदैन।'

उक्त मुद्दाको फैसला आइसकेकाले आफू त्यसविरुद्ध जान नखोजेको, तर अर्थ बताएको उनको भनाइ थियो। सार्वजनिक प्रकृतिका सम्पत्ति मात्र ट्रस्टका नाममा जाने गरी कानुन ल्याइनुपर्ने भनाइ उनको थियो। 'राजा व्यक्ति होइन र ? उसको व्यक्तिगत सम्पत्ति हुँदैन ? राजाको सन्तानले अपुताली पाउँदैन र ?' उनले मुलुकी ऐनको समेत व्याख्या गर्दै भने। उनले पछिको फैसला 'हेभोक क्रिएट' गरेर मात्र भएको दाबी गरे।

जबराले आर्थिक अनियमिततामा नियुक्त गरिएका न्यायाधीशलाई बर्खास्त गरिएको ३०औँ प्रश्नमा पूर्वप्रधानन्यायाधीश रामप्रसाद साहकी छोरी रेणुका साहका विषयमा उनले आक्रोश व्यक्त गरे। 'उहाँहरूले न्यायिक मूल्य–मान्यतालाई छाडेर, बिगारेर बर्खास्त गर्नुभयो। किन भन्दा जसलाई उहाँले हटाउनुभयो त्यही निकायले योग्य भनेर नियुक्त गरेको थियो,' जबराले भने, 'अहिले वरिष्ठतमभन्दा मुनिको पनि वरिष्ठ भनेर बसिरहेको छ। हिजो हरिकृष्ण बस्यो, त्योअघि मीरा खड्का बस्यो। भताभुंग भइरहेको छ। संविधानले कहाँ अधिकार दिएको छ ? सबै गठबन्धनको भएर मानिरहेको छ। यसको गैरसंवैधानिक काम गर्नेको वाहवाही छ।'

उनले सर्वोच्चबाट यसअघि नै अयोग्यताको प्रश्न निरुपण भइसकेपछि पनि फेरि ब्युँताउनु गलत भएको बताए। हालका कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीबारे उनले भने, 'यो बदलाको भावनाले गरेको हो। मैले गरेका सबै नियुक्ति खारेज गरिदिए भयो त। अहिले नियुक्ति गर्ने दीपक कार्की होइन ? यसको योग्यताको प्रश्न आउँदैन ? खै उसको योग्यताका प्रश्न ? नियुक्ति गर्दा केले योग्यता देख्नुभो, अहिले केले अयोग्यता देख्नुभो ?'

यसैगरी तत्कालीन सुनसरी जिल्ला अदालतका न्यायाधीश अर्जुन कोइरालालाई उच्चमा नियुक्त गरेको आरोपसँग सम्बन्धित ३१औँ प्रश्नमा जवाफ दिँदै उनले वरिष्ठताक्रमअनुसार नियुक्ति भएको दाबी गरेका छन्। साथै, न्यायपरिषद्ले न्यायाधीश बर्खास्ती गरेको विषय संविधान र कानुनविपरीत रहेको दाबी गरे।

#निलम्बित प्रधानन्यायाधीश # चोलेन्द्रशमशेर जबरा # जवरा र सांसदवीच सवाल–जवाफ


**यो खबर पढेर तपाईलाई कस्तो महसुस भयो ?**

0% मनपर्यो 0% अचम्मित 0% दुःखी 0% आक्रोशित

0 comments


## रिलेटेड न्युज

↑